नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक ७२ ● २०८१ साल माघ ०८ गते मंगलबार ● Tuesday 21, January 2025 ● सूर्योदय: बिहान ६:५५ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218


## खुल्यो स्ववियूको ताला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल विद्यार्थी संघ (नेविसंघ) का कार्यकर्ताले जनकपुरधामस्थित राजर्षि जनक विश्वविद्यालयको स्ववियू कार्यकक्षमा लगाएको ताला सोमबार खोलेका छन् । स्ववियू कार्यकक्षमा तालाबन्दी गरेको घटनामा सहमति भएपश्चात् ताला खोलिएको हो । नेविसंघ र स्ववियूबीच आइतबार भएको विवाद र त्यसपछिको वार्ताले यो घटनालाई समाधान गर्ने बाटो खोलेको हो ।

नेविसंघका कार्यबाहक सभापति त्रिलोक कुमार यादवका अनुसार ताला लगाउने घटना केन्द्रीय कार्यसमितिद्वारा प्राविधिक त्रुटी भएको कारणले उत्पन्न भएको थियो । उनले भने, 'स्ववियूले तथ्य नबुझेको र गम्भीर असहमतिका कारण आन्दोलन गरेको थियो ।

# पूर्वाधार कार्यालय बारामा २१ करोड हिनामिना !




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वाधार कार्यालय बाराले विभिन्न योजनामा आर्थिक अनियमितता गरेको भन्दै मधेश प्रदेश सभामै यसको छानबिन माग भएको छ ।

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सरोज कुमार यादवले नै मधेश प्रदेश सभामा कार्यालयको बदमासीबारे छानबिन गर्न माग गरेपछि पूर्वाधार कार्यालयको बदमासी सतहमा आएको हो ।

मधेश प्रदेश सभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै यादवले भने, 'आफू मुख्यमन्त्री भएका बेला गढीमाइ मेलालाई केन्द्रित गरेर वैशाखमा निकासा गरेको २१ करोड रुपैयाँको योजनालाई पूर्वाधार कार्यालय बाराले टुक्राटुक्रा पारेर कामै नगरी बजेट समाप्त गरेको पाइएको छ, यसको छानबिन र आवश्यक कारबाहीको माग गर्दछु ।' पूर्वाधार कार्यालयका डिभिजनल इञ्जिनियर राजेन्द्र साहले २१ करोड रुपैयाँको इष्टमेट गरेर भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत बजेट निकासा गरेका थिए, रकम ३ वटा ४०–४० लाख रुपैयाँको योजना तथा बाँकी १०–१० लाखको टुक्रे योजना बनाएर कतिपय योजनामा कामै नगरी बजेट सिध्याइएको पाइएको छ ।'

पूर्वमुख्यमन्त्रीसमेत रहेका यादवले आफूले राम्रो काम गरेको तर कमिसन नदिने गढीमाई नगरपालिकाको ४० लाख रुपैयाँको योजना सम्पन्न भए पनि भुक्तानी नदिएकाले पूर्वाधार कार्यालयका प्रमुखमाथि छानबिन गर्न माग गरे । उनले काम भएको योजनाको फाइल सभामुख रामचन्द्र मण्डललाई पेश गरे ।

पूर्वाधार कार्यालय बाराका प्रमुखले विभिन्न योजनामा सन्तोषजनक काम नगरेको पाइएपछि उनले फेरि १५ करोड ९० लाख रुपैयाँको योजना माग गर्दा आफूले रोकेका कारणले गढीमाई नगरपालिकामा भएको कामको पनि रकमको भुक्तानी नदिएको यादवको आरोप छ । यसका साथै महेन्द्रनारायण निधि जनता आवास कार्यक्रमअन्तर्गत ४ सय देखि ५ सय गरिबको घर निर्माण गर्न मिल्ने रकम निकासा भए पनि पूर्वाधार कार्यालयका प्रमुख साहले ५० हजार रुपैयाँको दरले १ हजार ६ सय टुक्रे योजना बनाएर बदमासी गरेको आरोप लगाए ।

५० हजारको टुक्रे योजनाले नतिजा दिन नसक्ने भएकाले छानबिन गरेर कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग प्रदेश सभामार्फत पूर्व मुख्यमन्त्री यादवले माग गरे ।

प्रदेश सभाको बैठकमा पूर्व मुख्यमन्त्रीबाटै विशेष समय लिएर छानबिन तथा कारबाहीका लागि माग भएपछि प्रदेश सभाको गम्भीर ध्यानाकर्षण भएको सभामुख मण्डलले जानकारी दिए । उनले विगतमा प्रदेश सभामा भएको सर्वपक्षीय सहमतिअनुसार प्रदेश सभाको गम्भीर ध्यानाकर्षण भएकाले यस विषयमा प्रदेश सरकार तथा अन्य निकायको ध्यानाकर्षण एवम् कारबाहीका लागि पत्राचारका साथै छानबिन समिति गठन गरेर दोषीमाथि कारबाहीका लागि लिखितरुपमै जानकारी दिने बताए ।

# जानकी आँखा अस्पताल कब्जामा लिन प्रदेश सरकारलाई सुझाव

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० बमोजिम जानकी आँखा अस्पताल दर्ता नभएको तथा स्थायी लेखा नम्बरसमेत नरहेको अवस्थामा अस्पताल दर्ता नभएसम्मका लागि प्रदेश सरकारको मातहतमा ल्याइ नियमानुसार मापदण्ड पूरा गरी सञ्चालन गर्न सुझाव दिइएको छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जानकी आँखा अस्पताल जनकपुरधाम तथा नेपाल रेडक्रस सोसाइटी धनुषामा देखिएको अनियमितता र बेथिति सुधारमा सम्बन्धित निकायले चासो देखाएको छैन । त्यहाँ भएका बेथिति, अराजकता, स्वेच्छाचारी र नीतिगत तथा आर्थिक अनियमितताका सम्बन्धमा छानबिन गर्न मधेश प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले साउन १३ गते उच्चस्तरीय छानबिन समिति बनाएको थियो ।




रेडक्रस सोसाइटी र जानकी आआँखा अस्पतालमा देखिएको बेथिति र अनियमितताविरुद्ध स्थानीयले आन्दोलन गरेपछि मधेश सरकारका स्वास्थ्यमन्त्री शत्रुधन प्रसाद सिंहको निर्देशनमा उच्चस्तरीय समिति बनाइएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशका सचिव डा. प्रमोद कुमार यादवको नेतृत्वमा गठित ५ सदस्यीय समितिले बुझाएको प्रतिवेदनमा अस्पताल सुधारका विभिन्न सुझावसहितको राय बुझाएको छ ।

आर्थिक कारोबारबाट प्राप्त बचत रकमको रेकर्ड अव्यवस्थित तथा नियमानुसार लाग्ने आयकर बुझाउनुपर्ने व्यवस्थाको पालना नगरेको प्रतिवेदनमा उल्लेख छ । यसले सरकारको राजस्व कर छली गरी नेपाल सरकारलाई आर्थिक हानीनोक्सानी गरेको देखिएको छ । अस्पतालले हाल दुइ बिघा १० कट्ठा जग्गा भोगचलन गरिरहेको र त्यसमध्ये साविक जानकी आँखा उपचार केन्द्र हालको जानकी आँखा अस्पतालका नाममा ४ कट्ठा स्वामित्व रहेको र बाँकी जग्गामध्ये २२ कट्ठा विरख कुटी र बाँकी जग्गा गुठीमा गएको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

अस्पतालको आर्थिक अनुशासन र पारदर्शिता सम्बन्धमा न्युनतम भाडादर निर्धारण समिति नभएर मनोमानी ढंगबाट भाडा दिने गरेको र मूल्य निधारण गरी सार्वजनिक सूचना प्रकाशित गरी भाडा रकममा बढाबढ प्रतिस्पर्धा गर्नुपर्नेमा त्यो नगरी सोझै मनोमानी ढंगबाट पदाधिकारी तथा कमचारीले भाडा लगाएको र लामो समयसम्म एउटै व्यक्तिले भाडामा लिएको देखिएको छ । अस्पतालका नाममा रहका विभिन्न बैंकको मुद्दति खाता प्रक्रियागतरूपमा नवीकरण हुनुपर्नेमा नभइ मनोमानी ढंगबाट नवीकरण तथा समयमा नवीकरण नभई अस्पतालले आर्थिक घाटा बेहोर्नु परेको प्रतिवेशनमा उल्लेख छ ।

खरिद समितिको बैठकको निर्णयबिना नै अधिकांश औषधी, चश्मा तथा अन्य साम्रगी खरिद प्रक्रिया पूरा नगरी तथा टेण्डर गर्नुपर्नेमा नगरी टिप्पणीबाट लाखौं मूल्यमा खरिद गरेको देखिएको छ । रेडक्रस सोसाइटीले कार्यक्रम तथा बजेट बनाउनुपर्ने तथा सोअनुसार नै खर्च गर्नुपर्ने प्रावधान नगरी बजेट नै नबनाइ खर्च गर्ने गरेको देखिएको प्रतिवेदनमा उल्लेख छ । नेपाल रेडक्रस सोसाइटी, जानकी आँखा अस्पताल जनकपुरभित्र रहेको व्यवस्थापकीय एवम् अन्य समस्या तथा बेथितिविरुद्ध लामो समयदेखि चलिरहेको संघर्षको सिलसिलामा मधेश सरकार, स्वास्थ्य त्था जनसख्या मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदनबमोजिम नेपाल सरकार स्वास्थ्य त्था जनसख्या मन्त्रालय, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० बमोजिम अस्पताल दर्ता नभएको तथा स्थायी लेखा नम्बरसमेत नरहेको अवस्थामा अस्पताल दर्ता नभएसम्मका लागि जानकी आँखा अस्पताललाई प्रदेश सरकारको आफ्नो मातहतमा ल्याइ नियमानुसार मापदण्ड पूरा गरी सञ्चालन गर्न सुझाव दिइएको छ ।

# गिजर बनाउन आउनेले भारतीय अपराधी बोलाएर लुटपाट

**सञ्जय मिश्रा**
**रौतहट ।**
फोनका भरमा कटहरियामा पक्राउ परेका दुवै चोरको मोबाइलसमेत चोरीकै रहेको पाइएको छ । भारतीय अपराधी प्रयोग गरी आफैँ काम गर्ने पसलमा लाखौँ नगद तथा सुनको गहना चोरी गर्ने २ जना आरोपी चोरको मोबाइलसमेत चोरीको पाइएको हो ।

तीन भारतीय प्रयोग गरी नगद र सुनको गहना चोरी गर्ने कटहरिया नगरपालिका–४ का २० वर्षीय चन्दन कुमार जैसवाल र भारत, बिहार, पूर्वी चम्पारण, चैनपुर ग्रामका २० वर्षीय रोहित कुमार साह सोनार लाई प्रहरीले पक्राउ गरेको हो । आरोपी जैसवाल र सोनारमाथि चोरीसम्बन्धी मुद्दा दर्ता गरी जिल्ला अदालत गौरबाट म्याद थपेर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताए ।

कार्कीका अनुसार, आरोपीद्धय जैसवाल र सोनारले ३ भारतीय अपराधी बोलाएर कटहरिया–५ का जामुन साह सोनारको घरभित्र रहेको काठको दराज फोडेर नगद र दुई लाख रुपैयाँ बराबरको सुनको गहना चोरी गराएको स्वीकार गरेका छन् । चोरीको घटनामा संलग्न ३ भारतीय अपराधी फरार रहेको तथा उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ । माघ २ गते बुधबार बिहान ६ बजे जामुन साह सोनार मर्निङवाकमा गएका बेला उनको घरमा राखिएको काठको दराजको ताल्चा काटेर नगद ३ लाख ५० हजार र डेढ तोलाको सुनको सिक्री चोरी भएको पीडित परिवारले जनाएको छ ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सइ मुकेश कुमार सिंहको नेतृत्वमा प्रहरी टोलीले पीडित जामुन साहको पसलका कामदार भारतीय नागरिक रोहित कुमार सोनार र स्थानीय

चन्दन कुमार जैसवाललाई नियन्त्रणमा लिएको थियो । घटना भएका दिन बिहान पौने ६ बजेदेखि ८ बजेसम्म आरोपी जैसवाल र सोनारबीच १६ पटक मोबाइलमा भएको कुराकानीका आधारमा शंका लागेर पक्राउ गरिएको सइ सिंहले जानकारी दिए । पीडित शिवशंकर साहका अनुसार केही दिनअघि घरमा पानी तातो गर्ने गिजर मर्मत गर्न चन्दन कुमार जैसवाल आएका थिए । सोही समयमा चन्दनले भारतीय कामदार रोहितसँग सबै जानकारी लिएर रोहितको मिलोमतोमा ३ जना भारतीय अपराधी बोलाएर घटना गराएको शिवशंकरले जानकारी दिए । पछिल्लो केही वर्षदेखि रोहित जामुन साहको सुनचाँदी पसलका काम गर्दै आएका थिए ।

# नदीजन्य पदार्थ उत्खनन् तत्काल बन्द गराउन परमादेश

**काठमाडौँ ।**
कानून विपरीत खोला तथा नदीबाट उत्खनन् भइरहेका रोडा, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तत्काल बन्द गराउन सर्वोच्च अदालतले सरकारका नाममा पाँच बुँदे परमादेश जारी गरेको छ । न्यायाधीशद्धय डा. मनोजकुमार शर्मा र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले देशभर भइरहेको अवैध उत्खनन्मा संलग्नलाई कारबाहीको दायरामा ल्याइ तत्काल उत्खनन् बन्द गर्न–गराउन परमादेश जारी गरेको हो ।

परमादेशमा नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन् तथा नियन्त्रण) ऐन तत्काल बनाइ लागु गर्न आदेश दिइएको छ । परमादेशमा भनिएको छ, 'छ वटै प्रदेशले तयार पारी लागु गरेको नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५, नेपाल सरकारले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ समेत कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नका लागि नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन् तथा नियन्त्रण) ऐन तत्काल बनाई लागु गर्नू ।'

देशभरका खोला तथा नदीमा भएको अवैध उत्खनन् रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको थियो । रिट निवेदनमाथि सुनुवाइपछि सर्वोच्च अदातले परमादेश जारी गरेको हो । अदालतले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा १७ मा नदीजन्य पदार्थको उत्खनन् गरिने स्थानको लम्बाई चौडाइ तथा गहिराईसहितको चार किल्ला उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधनसमेत जानकारीसहित उत्खनन्स्थलमा सूचना पाटी अनिवार्यरुपमा मिलाउनु पर्नेछ भन्ने व्यवस्था भए पनि हालसम्म स्थलगत अध्ययनबाट सूचनापाटी राखेको नदेखिएकाले कार्यस्थलमा सूचनापाटी अनिवार्य राख्न र सोको अनुगमनसमेत गर्नु भनी विपक्षीको नाममा परमादेश जारी गरेको छ । रासस





शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा, मधेश प्रदेश, नेपाल

# आगलागीमा वृद्धाको ज्यान गयो

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा आगलागीका कारण ७५ वर्षीय वृद्धाको ज्यान गएको छ । प्रसौनी गाउँपालिका–७ बन्जरिया निवासी रजिया साह कानु परालको आगो ताप्ने क्रममा आगलागीमा परेर गम्भीर घाइते भएकी थिइन् । प्रहरीका अनुसार कपडामा आगो सल्किँदा घाइते भएकी वृद्धाको स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचार गरिए पनि थप उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो । घटनाले ग्रामीण क्षेत्रमा आगो ताप्दा अपनाउनुपर्ने सावधानी र सुरक्षाका उपायहरूको कमीलाई उजागर गरेको छ । परालजस्ता अत्यधिक ज्वलनशील वस्तुको प्रयोग गर्दा सावधानी नअपनाउँदा यस्ता दुर्घटना बढिरहेका छन् ।

# चौवालीस हजार बढीले गरे दियालो बङ्गला अवलोकन

**चितवन ।**
भरतपुर महानगरपालिकाले व्यवस्थापनको जिम्मेवारी लिइ सर्वसाधारणका लागि खुला गरिएको दियालो बङ्गला अवलोकन गर्नेको संख्या ४४ हजार आठ सय ८१ पुगेको छ । असार २५ गतेदेखि सर्वसाधारणका लागि खुला गरिएको दियालो बङ्गला पुस मसान्तसम्ममा एक सय ३८ विदेशी पर्यटकले अवलोकन गरेका छन् ।

भरतपुर भ्रमण वर्ष २०२४ का अवसरमा खुला गरिएको बङ्गला अवलोकन गर्न आएकाबाट ३८ लाख ३७ हजार नौ सय ५० रुपैयाँ राजस्व सङ्कलन भएको महानगरपालिकाको पर्यटन शाखा प्रमुख रामबाबु पौडेलले जानकारी दिए । सर्वसाधारणलाई प्रवेश शुल्क एक सय रुपैयाँ, ज्येष्ठ नागरिक र विद्यार्थीलाई ५० प्रतिशत छुट गरिएको छ ।

यसैगरी, छिमेकी राष्ट्रहरु भारत र चीनका पर्यटकहरुका लागि एक सय ५० रुपैयाँ, ती बाहेकका सार्क राष्ट्रका पर्यटकका लागि दुई सय रुपैयाँ र अन्य मुलुकका पर्यटकका लागि तीन सय रुपैयाँ शुल्क तय गरिएको छ । दैनिक घुम्न आउनेको संख्या बढ्दै गएको उनले बताए ।

महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले दियालो बङ्गला चितवनको एउटा पर्यटकीय गन्तव्यका रुपमा थपिएको बताए । उनले भने, 'सदरमुकामबाट नजिक रहेको यस क्षेत्र लामो समय पछि सर्वसाधारणका लागि खुल्ला हुँदा एउटा गन्तव्यका रुपमा थपिएको छ ।' बङ्गला भरतपुर महानगरपालिका–१ मा छ । नेपाल ट्रष्टसँग सम्झौता गरेर व्यवस्थापनको जिम्मेवारी महानगरले लिएको हो ।

सङ्कलित राजस्व रकमको ६० प्रतिशत ट्रष्ट र ४० प्रतिशत महानगरले पाउनेगरी व्यवस्थापन गरिएको हो । महानगरप्रमुख रेनु दाहालले बङ्गलाको ऐतिहासिक महत्व भएकाले यहाँ घुम्न रुचाउनेको संख्या दिनानुदिन बढ्दै गएको बताइन् ।

राजतन्त्रका बेला जाडो महिनामा राजपरिवारले यही दरबारमा समय बिताउने गरेकाले यहाँको महत्व र यसको अवलोकन गर्न आउनेको संख्या बढेको हो । यो राजपरिवारले सिकार खेल्न आउँदा बस्ने ठाउँ हो । ऐतिहासिक महत्व बोकेको दरबारभित्र पहिलो तलामा ठूलो बैठक कक्ष छ । जसको भित्तामा पूर्वराजारानी महेन्द्र र वीरेन्द्रको तस्बिर देख्न सकिन्छ । भऱ्याङमा विसं २०२६ मा राजा महेन्द्रले सिकार गरी मारेको घडियाल गोही सजाएर राखिएको छ । भित्तामा बाघको टाउको राखिएको छ ।

दरबारमा पाँचवटा खोपी (बेडरुम) छन् । १ नम्बर खोपी मुमा रत्नराज्यको हो भने २ नम्बर राजा र ३ नम्बर रानी, ४ र ५ राजपरिवारका अन्य सदस्यका हुन् । सबै खोपीमा शौचालयसँगै छ । राजपरिवारले प्रयोग गरेका सामग्री अहिले पनि जस्ताको तस्तै छ । दरबारको छेउमा दरबारका महिला सुसारेका लागि 'नानीगंज' छभने सँगै राजाको सुरक्षा गार्डका लागि एडिसी क्वाटर छ । केही पर सवारीसाधन राख्नका लागि ग्यारेज छ । त्यसको छेउमा रहेको पौडीपोखरीमा अहिले पानी छैन ।

प्रमुख दाहालले लामो समयदेखि नेपाली सेनाको सुरक्षामा रहेको दरबार क्षेत्रभित्र के छ भन्ने कौतुहलता मेट्दै सर्वसाधारणले अवलोकन गर्न सक्ने वातावरण मिलाइएको बताइन् । रासस

# 'हुलाकी राजमार्ग चाँडो सम्पन्न गर्न सरकार तत्पर'

**नेपालगंज ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले निर्माणाधीन हुलाकी राजमार्गको कामलाई छिटोछरितो रुपमा सम्पन्न गर्न सरकार लागिपरेको बताएका छन् । नेपालगंज–गुलरिया सडकखण्डअन्तर्गत बाँकेको खजुरा गाउँपालिका–३ स्थित पेडारी नालामा रहेको जीर्ण पुल स्थलगत निरीक्षण गर्दै मन्त्री दाहालले ढिलासुस्ती नहुने गरी काम अघि बढाउन सरकार गम्भीर रहेको बताए । पेडारी नालाको पुलका लागि अर्थ मन्त्रालयबाट बजेट सुनिश्चित भइसकेकाले केही दिनमा टेण्डर आह्वान भई काम शुरु हुने उनले जानकारी दिए ।

दाहालले भने, 'हुलाकी सडकअन्तर्गत खजुराको पेडारी नालासहित अन्य आवश्यक स्थानमा पुल निर्माणका लागि केही दिनमा टेण्डर आह्वान हुन्छ ।' खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विक, नेकपा (एमाले) का प्रदेश कमिटी सदस्य किस्मतकुमार कक्षपतिलगायतले ५२ वर्ष पुरानो पुल जुनसुकै बेला भत्किने जोखिम भएकाले नयाँ पुल छिटो बनाउन आग्रह गरे ।

सडक डिभिजन कार्यालयअन्तर्गत खजुरामा एक हजार आठ मिटर लम्बाइको चारलेन सडकको काम सात वर्षसम्म पूर्ण हुन नसकेको भन्दै कानुनी अड्चन फुकाएर छिटो काम हुने वातावरण बनाइ दिन खजुरावासीका तर्फबाट मन्त्री दाहालको ध्यानाकर्षण गराइएको अध्यक्ष विकले बताए ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगंजका प्रमुख लिलाबहादुर भण्डारीका अनुसार पेडारी नालामा करिब १४ करोड रुपैयाँको लागतमा २२ मिटर चौडाइ र ३३ मिटर लम्बाइको पुल निर्माण गरिने छ । रासस

# कृषि विकास बैंकको ५८औँ वार्षिकोत्सव



**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि विकास बैंक लिमिटेडले ५८ औँ वार्षिकोत्सव मनाएको छ । मधेश प्रदेश वीरगंजले आयोजना गरेको कार्यक्रम उद्घाटन गर्दै वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले कृषि बिकास बैंक साँच्चिकै नाम जस्तै कृषकको बैंक भएको बताए । उहाँले किसानलाई लक्षित गर्दै बैंकले ल्याउने योजना र अनुदानलाई अझै निरन्तरता दिएर कृषकमैत्री कार्यक्रम ल्याउनुपर्नेमा कुरामा जोड दिए ।

अध्यक्ष अग्रवालले निजी क्षेत्रमा पनि अहिले लगानी गर्ने वातावरण भएको बताउँदै आर्थिक गतिविधिलाई चलायमान बनाउनुपर्ने बताए । कृषि विकास बैंक लिमिटेड वीरगंज शाखाका प्रबन्धक रामप्रसाद गजुरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण पर्साका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, बरिष्ठ अधिवक्ता देवेन्द्र सिंह, नेपाल वित्तिय संस्था कर्मचारी संघ पर्साका अध्यक्ष संजय कुमार गुप्तालगायतले शुभकामना व्यक्त गरेका थिए । कृषि विकास बैंकले केन्द्रसहित देशैभर भएका शाखामा विविध कार्यक्रम गरेर वार्षिकोत्सव मनाएको छ ।

# हल्ट प्राइज बीपीसी क्याम्पस इभेन्ट सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज र**
वीरगंज पब्लिक कलेजले हल्ट प्राइज बीपीसी क्याम्पस इभेन्ट सम्पन्न गरेको छ । कार्यक्रममा सहभागीहरूका लागि समस्याको समाधान र नवप्रवर्तन सीप सुधार गर्नका लागि तालिम दिइएको थियो ।

'आइडिएसन र समस्या परिभाषा' शीर्षकको तालिम सुमित गुप्ताले दिएका थिए । उनले समस्याको फ्रेमिङ, परिभाषा, आइडिएसन, र आइडिया मूल्याङ्कनजस्ता महत्त्वपूर्ण चरणहरूमा सहभागीहरूलाई मार्गदर्शन गरेका थिए । प्रत्येक सत्रले सिर्जनात्मकता, संरचित सोच, र सहकार्यलाई प्रोत्साहन गर्दै सहभागीहरूलाई विश्वव्यापी चुनौतीहरूको प्रभावकारी समाधान विकास गर्न व्यवहारिक उपकरणहरूले प्रशिक्षण दिइएको थियो ।

# कुटपिटमा संलग्न प्रहरी निलम्बित

**चितवन ।**
युवकलाई प्रहरीले कुटपिट गरेको घटनामा सङ्लग्न प्रहरीलाई प्रहरी प्रधान कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता दिनेशकुमार आचार्यले भरतपुर महानगरपालिका–११ बसेनी चोकमा गस्ती गर्ने क्रममा युवकलाई प्रहरीले कुटपिट गरिरहेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको सन्दर्भमा प्रहरी प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको र संलग्नलाई आवश्यक कारबाहीका लागि निर्देशन भइसकेको जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय, चितवनले छानबिन समिति गठन गरी घटनामा संलग्न प्रहरी कर्मचारी उपर विभागीय कारबाही प्रक्रिया अगाडि बढाइसकेको जनाइएको छ । अस्थायी प्रहरी बिट गणेशधामका प्रहरी सहायक निरीक्षक बुद्धिबहादुर घर्ती भुजेल घटनामा संलग्न देखिएकाले उनलाई निलम्बन गरी कारबाही थालिएको जिल्ला प्रहरी चितवनका प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले जानकारी दिए । रासस

# सुदूरपश्चिम प्रदेशसभाः सात वर्षमा ६७ कानून

**सुदूरपश्चिम ।**
देश सङ्घीय संरचनामा गएपछि प्रदेश तहमा गठन भएको सुदूरपश्चिम प्रदेशसभाले काम गरेको सोमबार सात वर्ष पूरा भएको छ । पहिलो प्रदेशसभाको पाँच वर्षे कार्यकालमा ६७ कानून बनेका थिए । बनेका कानुनमध्ये झण्डै १०–१२ कानून संशोधन भइसकेका छन् । २०७९ पछि गठन भएको दोस्रो प्रदेशसभाले भने हालसम्म कानून बनाउन सकेको छैन ।

प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले दोस्रो प्रदेशसभाको कार्यकाल दुई वर्ष पूरा भएर तेस्रो वर्षमा प्रवेश गरेको र यो अवधिमा एउटा पनि कानून बन्न नसकेको बताए । 'यो दुई वर्षमा प्रदेशसभाले चार ऐन संशोधन गरेको छ,' उनले भने, 'चालु आर्थिक वर्षको बजेट दुई पटकको प्रयासमा ल्याइएको थियो ।'

पहिलो प्रदेशसभाले प्रदेशमा स्थिर सरकार दिन सकेको थियो । २०७९ पछिको दोस्रो प्रदेशसभामा भने पटकपटक सरकारको नेतृत्व परिवर्तन भइसकेको छ । सरकारले प्रदेशसभालाई 'बिजनेस' दिन नसक्दा कानून बन्न नसकिरहेको टिप्पणी भइरहेको छ । संविधानअनुसार प्रदेशस्तरमा प्रदेश व्यवस्थापिकाको भूमिका निर्वाह गरिरहेको प्रदेशसभा (व्यवस्थापिका) जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्वपूर्ण संस्था हो । यसले तोकिएका विधिका माध्यमबाट शासन प्रणाली सञ्चालनका लागि नीति र कानून निर्माण गर्ने, सरकार गठन गरी सरकारका कामको निगरानी गर्ने, बजेट पारित गर्ने काम गर्छ ।

संविधान बमोजिम व्यवस्था भएको सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय स्वरुपमध्ये प्रदेशसभा एक महत्वपूर्ण निकाय हो । बनेका कानूनमध्ये कतिपय स्थानीय तह र प्रदेशसभाको संरचनासँग सम्बन्धित र अन्य कतिपय जनताको सेवासँग सम्बन्धित छन् । बनेका कतिपय कानूनको कार्यान्वयन फितलो देखिएको गुनासो सर्वसाधारणको छ ।

सुदूरपश्चिम प्रदेशसभाले काम थालेको सात वर्ष पूरा गरेको अवसरमा प्रदेशसभा परिसर धनगढीमा 'प्रदेशसभा दिवस २०८१' मनाइएको छ । प्रदेश प्रमुख नजिर मियाँले सङ्घीय लोकतान्त्रिक व्यवस्थाका कारण सिंहदरवारको अधिकार गाउँमा पुगेर नागरिक लाभान्वित भइरहेको बताए । उनले प्रदेशको स्थायी राजधानी निर्माणका विषयमा ध्यान जानुपर्ने बताए ।

मुख्यमन्त्री कमलबहादुर शाहले सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई जोगाउँदै थप सुदृढ बनाउने काममा सबै एकजुट भएर लाग्नुपर्ने बताए । सङ्घीयताको कार्यान्वयनसँग जोडिएका कतिपय प्रावधानका कारण काम गर्न केही कठिनाइ महसुस भएकाले प्रदेश सरकार जनताका समस्या समाधान गर्न प्रयासरत रहेको मुख्यमन्त्री शाहले बताए ।

पूर्वमुख्यमन्त्री त्रिलोचन भट्ट, पूर्वमुख्यमन्त्री एवम् नेकपा (एमाले) का नेता राजेन्द्रसिंह रावल, पूर्वमुख्यमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी) पार्टीका नेता दीर्घबहादुर सोडारी, नेकपा (माओवादी केन्द्र) का मानबहादुर धामी, स्वतन्त्र सदस्य डा. ताराप्रसाद जोशीलगायत वक्ताले सङ्घीय लोकतान्त्रिक व्यवस्थाको विकल्प नभएकामा जोड दिए । २०७४ माघ ७ गते सुदूरपश्चिम प्रदेशसभामा निर्वाचित प्रदेशसभाका सदस्यको शपथ गराइएकाले यसै दिनलाई प्रदेशसभा दिवसका रुपमा मनाउने गरिएको छ । रासस

# श्रमजीवी पत्रकार संघमा पटेल




**मधेशदृष्टि**
**वीरगंज ।**
श्रमजीवी–पत्रकार संघ, नेपाल पर्साको अध्यक्षमा आरके पटेल चयन भएका छन् । समितिमा उपाध्यक्ष प्रणय साह, महिला उपाध्यक्ष बिमला गुप्ता, सचिव नितेश कर्ण, कोषाध्यक्ष दीपक कुशवाहा, सहसचिव अर्जुन गुप्ता, समावेशी सहसचिव विशाल यादव चयन भएका छन् । यस्तै, सदस्यहरुमा सुमेश्वर साह, पुनम चौधरी, राजु बैठा, विशाल पटेल, राजकुमारी गुप्ता, बिनोद यादव, अनिल ओझा र राज सरार्फ छन् । सल्लाहकारमा शिवशंकर साह, शत्रुघन नेपाल, अनुप तिवारी र पंकज श्रेष्ठ चयन भएका छन् । खानेपानी मन्त्री प्रदीप यादवले कार्यसमितिलाई खादामाला लगाएर बधाई दिएका थिए ।

# ऐतिहासिक ब्रह्मा मन्दिर पुनःनिर्माणका लागि शिलान्यास

**काठमाडौँ ।**
पशुपति क्षेत्रमा रहेको काठमाडौँ महानगरपालिका–८ स्थित ऐतिहासिक एवम् पुरातात्विक महत्वको ब्रह्मा मन्दिर पुनःनिर्माण हुने भएको छ । मन्दिर पुनःनिर्माणका लागि शिलान्यास गरिएको छ । छैटौँदेखि सातौँ शताब्दीको मन्दिरको विधिपूर्वक पूजा अर्चनासहित शिलान्यास गरिएको हो ।

महानगरपालिका सम्पदा तथा पर्यटन समिति संयोजक एवम् कामपा–८ का वडाअध्यक्ष आशामान संगत र महानगरपालिका सम्पदा तथा पर्यटन विभाग प्रमुख कुमारी राईले संयुक्तरुपमा शिलान्यास गरे । 'काठमाडौँ महानगरपालिका सम्पदा तथा पर्यटन विभागले निर्माण गर्न लागेको ब्रह्मा मन्दिरको लागत करिब एक करोड १४ लाख ६८ हजार दुई सय ६९ रुपैयाँ रहेको छ,' सम्पदा तथा पर्यटन विभाग प्रमुख एवम् कामपा–८ का वडाअध्यक्ष आशामान संगतले भने ।

ब्रह्मा मन्दिर २०८२ साल साउन २६ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ । माटो, इँटा र काठको प्रयोगबाट मन्दिर दुई तल्लाको प्यागोडा शैलीमा निर्माण हुने र शिरमा गजुर राखिने जनाइएको छ ।

एक सय वर्षभन्दा अगाडिदेखि भग्नावशेषका रूपमा रहेको यो मन्दिरको २०७९ साल माघमा पुनः निर्माणका लागि क्षमा पुजा गरिएको थियो । तत्कालीन अवस्थामा पुरातत्व विभागबाट पास भएको नक्सामा शिलान्यास गरिएको थियो ।

मन्दिरको जग खोज्दै जाँदा जग ठूलो भएकाले पुनः पुरातत्वविद् एवम् इञ्जिनियरसँग छलफल गरेर यसको शैलीमा परिवर्तन गरिएको हो । हाल भग्नावशेष रहेको आधारमानै निर्माण गर्न लागिएको वडाअध्यक्ष संगतले बताए ।

टेन्डर प्रक्रियाद्वारा मन्दिर निर्माण गर्न लागिएको हो । महानगरपालिका सम्पदा तथा पर्यटन विभाग, कोष, पुरातत्व विभाग, वडा–८ सहितका निकायको समन्वयमा पुनःनिर्माणको पहल गरिएको हो ।

ब्रह्मा भगवान्को मूर्ति ४० वर्षदेखि गौशाला प्रहरी कार्यालयमा रहेको छ । मन्दिर निर्माणपछि त्यहीँ राख्ने तयारी छ । मिडिना कन्ट्रक्सन प्रालिले मन्दिर निर्माण गर्न लागेको हो । मन्दिरको ऐतिहासिकतालाई जोगाइ पुनःनिर्माण गर्ने कम्पनीले प्रतिबद्धता जनाएको छ । रासस

# माघ १८ गते हिउँदे अधिवेशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले संघीय संसद्को हिउँदे अधिवेशन माघ १८ गते बोलाउने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकले माघ १८ गते संघीय संसदको दुवै सदनको बैठक बोलाउन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको हो । 'माघ १८ गते शुक्रबार दिउँसो १ बजे संसद बैठक बोलाउन राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गर्ने निर्णय भएको छ,' एक मन्त्रीले बताए । विपक्षी दलले सरकारले संसद अधिवेशन बोलाउन ढिला गरेर अध्यादेशमार्फत सरकार सञ्चालन गर्न लागेको भन्दै सरकारको आलोचना गर्दै आएका छन् ।

# सिङ्गो बस्ती नै शौचालयविहीन



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको मटिहानी नगरपालिकाको वडा नम्बर ४ स्थित मझौरा गाउँको 'मुसहर' बस्ती शौचालयविहीन रहेको पाइएको छ । यस बस्तीका दलित मुसहर परिवारहरू शौचका लागि खुला स्थान प्रयोग गर्दै आएका छन् । स्थानीय बयोवृद्ध ५५ वर्षीय सेवक सदाका अनुसार ७५ घर परिवार रहेको मुसहर बस्तीको कुनै पनि घरमा शौचालय रहेको छैन । यहाँका सबैजना खुला स्थानमै शौच गर्दै आएका छन् । यही बस्तीका २२ वर्षीय शोभेन्द्र सदाका अनुसार वृद्धवृद्धा, वयस्क महिला, पुरुष तथा बालबालिका सबै गरेर तीन सय ७० जनाको जनसंख्या रहेको छ । यहाँ बसोबास गर्ने सबै जना सधैँदेखि गाउँको खेतबारी र बाटोको छेउछाउमै दिशा पिसाब गर्दै आएका छन् र अहिले पनि त्यही स्थानमा गएर शौच गर्दै आएका छन् ।

बस्तीकै ५० वर्षीय शङ्कर सदाले आफूहरूसँग शौचालय बनाउने कुनै उपाय (आर्थिक अवस्था) नरहेको कारण बाबु, बाजे पालादेखि नै सपपरिवार खुलामै शौच गर्दै आएको बताए । स्थानीय ६० वर्षीया महिला बासो सदाले आफूहरू सधैँ गाँस, बाँस र कपासकै अभाव रहने गरेकाले शौचालय निर्माण गर्नु धेरै ठूलो कुरा भएको बताइन् । यस बस्तीका बासिन्दाले दुई छाक राम्ररी खान नपाएको अवस्थामा कहाँबाट शौचालय निर्माण गर्नु उनले प्रतिप्रश्न गरे । सोही ठाउँकी अर्की महिला ४५ वर्षीया रानी सदाले बस्ने घरकै लागि पर्याप्त ठाउँ नरहेको अवस्थामा शौचालय कहाँ निर्माण गर्नु र गर्न चाहे पनि आफूहरूसँग आर्थिक सामथ्र्य नरहेको भन्दै शौचालय निर्माण गर्न नसकेको बताइन् । शौचालयको अभाव भोगिरहेको त्यस बस्तीकी स्थानीय ६० वर्षीया महिला सुनैना देवी सदाले अरूको खेतबारीमा गएर शौच गर्दा गाली गर्ने, कुटपिट गर्ने, सर्प, बिच्छु र अन्य जनावरको डर हुने गरेको दुखेसो गरिन् । उनका अनुसार ठूला पुरुष र महिलाले त ठाउँ र समय हेरेर लुकेर कुनै स्थानमा शौच गरिहाल्छन् तर ससाना बालबालिका दिनभरि अरूकै खेतबारी र बाटोघाटौमै शौच गरिदिँदा अरूहरूले गाली गर्ने, लखेट्ने र कुनैकुनै बेला पिटाई खानुपर्ने हुन्छ । खर, पात, बाँस र बेतबाट बनाइएको घरबारभित्र जाडोले कठ्याङ्ग्रिँदै बसिरहेका मुसहर बस्तीमा अन्न, लुगाफाटो र रोजगारीको चरम अभाव देखिएको छ भने शिक्षा र स्वास्थ्यजस्ता कुराले त उनीहरूलाई टाढाटाढासम्म छोएको देखिँदैन । चारैतिरै सबैकुराको अभावै अभाव र जोखिमपूर्ण जीवन बाँचिरहेका मुसहरहरूको आफू बस्ने घरबाहेक अरू जग्गा जमिन नरहेको, खेतबारी नरहेको र सो स्थानमा सार्वजनिक जग्गासमेत नरहेको कारण उनीहरूका लागि सार्वजनिक शौचालय समेत निर्माण गर्न नसकिएको वडा अध्यक्ष अब्दुल गफार राईनले बताए । वडाध्यक्ष राईनका अनुसार त्यस बस्तीका ७५ घर परिवारमध्ये सबै जनाको एक नासको बस्ने जग्गा समेत छैन । कसैको दुई धुर, कसैको चार धुर र कसैको एक धुर नै जग्गा रहेको कारण त्यस बस्तीमा कुनै विकासको कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । वडाध्यक्ष राईनले शिक्षा, स्वास्थ्य र रोजगारीको सूचकाङ्कमा मटिहानी नगरपालिकामै सबैभन्दा पछाडि रहेको वडा नम्बर ४ मझौरास्थित यस बस्तीमा व्यक्तिगत जग्गाको समस्या रहनुको साथै शौचालयको निर्माण गर्न सार्वजनिक स्थानको पनि अभाव मुख्य समस्या रहेको बताए । यता देश नै खुला दिसामुक्त घोषणा भइसकेको अवस्थामा धार्मिक एवम् सांस्कृतिक नगरी मटिहानीको मझौरा गाउँको मुसहर बस्ती शौचालयविहीन हुनु र त्यहाँका नागरिक अझै पनि खुला आकासमुनि नै शौच गरिरहेको कुरा आफैँमा लज्जास्पद एवम् दुःखद् भएको सरसफाइविज्ञ उमाशङ्कर यादवले बताए । मटिहानी नगरपालिका देशकै सबैभन्दा पुरानो गुठी लक्ष्मीनारायण मठ भएको र ३५० वर्षभन्दा पनि पुरानो, बालागुरू षडानन्द पढ्ने को याज्ञवल्क्य लक्ष्मी नारायण विद्यापीठ अझै सञ्चालनमा रहेको स्थान हो । रासस

# वीरगंज भन्सारद्वारा छ महिनामा ८० अर्ब राजस्व सङ्कलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा ८० अर्ब पाँच करोड ५१ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयलाई चालु आवको छ महिनाको अवधिमा एक खर्ब चार अर्ब १८ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर कार्यालयले सो अवधिमा कुल लक्ष्यको ७६ दशमलव ८४ प्रतिशत राजस्व सङ्कलन गरेको छ । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले सवारीसाधन र पेट्रोलियम पदार्थमा आयात बढेसँगै राजस्व सङ्कलनमा सुधारोन्मुख रहेको बताए ।
'सवारीसाधनको आयात र पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्व सङ्कलन पनि उत्साहजनक देखिएको छ', उनले भने, 'साउनयताकै पुस महिनामा उच्च राजस्व सङ्कलन भएको छ ।' वीरगंज भन्सारले चालु आवको साउन महिनामा १२ अर्ब १५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्‍यो । त्यसैगरी, भदौमा १३ अर्ब ४२ करोड, असोज महिनामा १३ अर्ब ४७ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । त्यसैगरी, कात्तिकमा ११ अर्ब १० करोड, मङ्सिरमा भने १४ अर्ब ४० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । पुसमा चालु आवकै सबैभन्दा धेरै अर्थात् १५ अर्ब ४७ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको हो ।
कार्यालयले चालु आवको छ महिनाको अवधिमा कुल वार्षिक लक्ष्यको ३६ दशमलव ५६ प्रतिशत राजस्व सङ्कलन गरेको हो । भन्सार विभागले कार्यालयका लागि वार्षिक दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिएको छ । त्यसैगरी, सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि चालु आवको छ महिनाको अवधिमा २३ अर्ब ३४ करोड ३३ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले कुल वार्षिक लक्ष्यको ३८ दशमलव ८७ प्रतिशत राजस्व सङ्कलन गरेको हो । रासस

# जनकपुर साहित्य महोत्सवको तयारी तीव्र




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नव मिथिला फाउण्डेशनले छैटौं जनकपुर साहित्य महोत्सवको तयारीलाई तीव्र बनाएको छ । आगामी माघ २४ गतेदेखि शुरू हुने महोत्सवको महत्वपूर्ण अंशको रूपमा विद्यालयस्तरीय कविता प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, कथा वाचन प्रतियोगिता र अन्तरविद्यालय चित्रकला प्रतियोगिताको आयोजना गर्न लागिएको हो । सोहीक्रममा सोमबार आयोजित विद्यालयस्तरीय वकतृत्वकला प्रतियोगिताको पहिलो चरणको अडिसन राउण्डमा सहभागी २६ विद्यालयहरु मध्ये टप फाइभ छनौट भएका छन् । छनौट भएकाहरुमा डेफोडिल्स पब्लिक इंग्लिश बोर्डिङ्ग स्कूलका सत्यम झा, ज्ञानदा इन्टरनेशनल बोर्डिङ्ग स्कूलका सिद्धि ठाकुर, साउथ प्वान्ट बोर्डिङ्ग स्कूलका राजनन्दनी यादव, एर्रे इन्टरनेशनल बोर्डिङ्ग स्कूलका अंशुका पाण्डेय र मिथिला मन्टेसरी बोर्डिङ्ग स्कूलका रितिका यादव रहेका छन् । विद्यालयस्तरीय कविता प्रतियोगिताको अडिशन राउण्ड ८ गते मंगलबार, विद्यालयस्तरीय कथा वाचन प्रतियोगिताको अडिशन राउण्ड ८ गते मंगलबार र अन्तरविद्यालय चित्रकला प्रतियोगिताको अडिशन राउण्ड माघ ९ गते बुधबार गरिने फाउण्डेशनका अध्यक्ष अमित साहले जानकारी दिए । फाउण्डेशनले गर्न लागेको अन्तरविद्यालय प्रतियोगिताबाट विभिन्न विधामा उत्कृष्ट हुने विद्यार्थीहरूले महोत्सवको छैठौ संस्करणमा सहभागिता जनाउने छन् । जहाँ प्रथम हुनेले २१ हजार, दोस्रो हुनेले ११ हजार र तेस्रो हुनेले ५ हजार १ सय रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिताबाट छनोट भएका पाँचजनाले महोत्सवको मञ्चमा आफ्नो कला प्रस्तुत गर्ने अवसर पाउनेछन् । सोही मञ्चमा हुने अन्तिम प्रतियोगिताको दौरान प्रथम, द्वितीय र तृतिय हुने विद्यार्थीहरू पुरस्कृत हुनेछन् ।

# सशस्त्र प्रहरी दिवसका अवसरमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ हेडक्वाटर पर्साले २४ औँ सशस्त्र प्रहरी दिवसको अवसरमा पर्सामा रक्तदान कार्यक्रम गरेको छ । सीमा सुरक्षामा खटिँदै आएको सशस्त्र प्रहरीले जाडोयाममा पर्सामा रगतको अभावलाई परिपूर्ति गर्नका लागि आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ पिन्ट रगत सङ्कलन भएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ हेडक्वाटर पर्साका गणपति राधेश्याम धिमालले पर्सा जिल्लामा रगतको अभावलाई केही हदसम्म भए पनि परिपूर्ति गर्नका लागि रक्तदान कार्यक्रम गरेको जानकारी दिए ।
'सशस्त्र प्रहरी बल सीमा सुरक्षाको साथसाथै नागरिकसँग हातेमालो गरेर अघि बढ्नका लागि रक्तदान कार्यक्रम गरेका हौँ', उनले भने, 'रक्तदान कार्यक्रममा उत्साहजनक सहभागिता रहेको छ ।' सशस्त्र प्रहरी बल पर्साले नेपाल–भारत सीमा क्षेत्रमा स्वास्थ्य शिविरलगायत गतिविधि गर्दै आइरहेको छ ।
वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सशस्त्र प्रहरीले सुरक्षा निकायले सुरक्षाको साथसाथै सामाजिक उत्तरदायित्वलाई पनि ध्यान दिँदै आइरहेकोमा खुसी व्यक्त गरे । 'पर्साका सुरक्षा निकायले सुरक्षाको अलवा अन्य सामाजिक गतिविधिमा सक्रिय हुँदा जनताले सहज अनुभूति गर्दै आइरहेका छन् ।'

# पेस्तोल र गोलीसहित भारतीय नागरिक पक्राउ

**सञ्जय मिश्रा**
**रौतहट ।**
सशस्त्र प्रहरीको गस्ती टोलीले आइतबार रौतहटको सीमाक्षेत्रबाट अवैध पेस्तोल र गोलीसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । भारत बिहार जिल्ला पूर्वी चम्पारण मोतिहारी बसन्तपुर ग्राम पञ्चायत ९ बस्ने बर्ष २६ को धनन्जय कुमार झालाई पेस्तोल र गोली सहित पक्राउ परेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताए । भारतीय सीमासँग जोडिएको ईशनाथ नगरपालिका ४ लतमरी नाका नजिकै सुनिल होटलमा खाजा खाईरहेका शंकास्पद ३ जना व्यक्तिहरुलाई चेकजाच गर्ने क्रममा २ जना व्यक्तिहरु तत्कालै फरार भएका थिए । झाको साथबाट सेमी अटोमेटिक पेस्तोल १ नाल, सोको म्यागजिन एउटा र ७.६५ एम एमको ४ राउण्ड गोली, बिआर ०५ बि डी १२२४ नम्बरको अपाचे मोटरसाईकल १ थान र सामसुङ्ग कम्पनीको ए ३५ मोबाईल १ थान बरामद गरि थप कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयमा बुझाइएको एसपी हुमागाईंले बताए ।

**मोबाईल लुटपाट गर्ने दुईजना पक्राउ**

पूर्व पश्चिम राजमार्गसँग जोडिएको चन्द्रनिगाहपुर स्थित अरुण आयल स्टोर्स अगाडि बाटोमा मोबाईल लुटपाट गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । माधवनारायण नगरपालिका १ दिपही टोलका हेमचन्द्र राय यादव आइतबार राति मोबाईलमा कुरा गरिरहेका बेला चन्द्रपुर नगरपालिका ४, पैनी टोलका किसन साहले पछाडिबाट आएर झापडले हिर्काउँदै लछारपछार गरी मोबाईल लुटेर लगेका थिए । लुटिएको मोबाईल स्थानीय काली मनिसा(सोनम साह कलवार)लाई दिएर दुवै जना फरार भएका थिए । घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरीको अनुसन्धानपछि मोबाईल सहित दुवैजना आरोपी लाई पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय चन्दरनिगाहपुरका प्रमुख डिएसपी राजकुमार राईले बताए ।

**भन्सार छलीको सामानसँगै ११ जना प्रतिवादी पक्राउ**

भन्सार छलीको सामानसँगै ११ जना फरार प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले पक्राउ गरेको छ । जिल्ला अदालतबाट दोषी ठहर भएर दण्ड सजाय समेत तोकिएर लामो समय देखि फरार रहेका ११ जना प्रतिवादीलाई जिल्लाको विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको हो । त्यस्तै भन्सार छलेर ल्याएको विभिन्न सामान प्रहरीले बरामद गरेको हो । पक्राउ पर्नेमा किर्ते मुद्दाका जमिला शेखिन, जमील अख्तर, शेख अजीज मियाँ दर्जी, ओली महमद, शेख हफिज रहेका छन् । त्यस्तै कुटपिट मुद्दाका महेन्द्र महरा चमार, पुनकलिया देवी, मनिता कुमारी, निलम देवी, उषा देवी राम र बहुविवाह मुद्दाका आरोपी शेख नेपाली रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर रामकुमार महतो द्वारा सूचनामा उल्लेख गरिएको छ । यसैगरी गौर स्थित बसपार्कमा प्रहरीले विभिन्न सवारी चेकजाँचको क्रममा १ लाख ४ हजार बराबरको भन्सार छलीको सामान बरामद गरेको छ । भारतीय बजारबाट अबैध रुपमा भित्र्याएको उक्त मूल्य बराबरको कपडा, कस्मेटिक लगायत किराना सामान बरामद गरी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

# निशुल्क आँखा शिविर सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको लोककल्याणकारी अभियान अन्तर्गत निशुल्क आँखा शिविर सम्पन्न भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १५ भेडियाहीमा आँखा शिविर सम्पन्न भएको हो । शिविरमा १ सय १२ जनाको आँखाको चेकजाँच गरिएको छ । जसमध्ये ४१ जनामा मोतियाबिन्दुको समस्या फेला परेको जनमत पार्टीका पर्सा अध्यक्ष ओमप्रकाश सर्राफले बताए । उनका अनुसार मोतियाबिन्दु देखिएकाहरुको वीरगंज सामुदायिक आँखा अस्पतालमा निशुल्क शल्यक्रिया गरिनेछ । शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालका डा. महेश सिंह धामी लगायतको टोलीले आँखाको चेकजाँच गरेका थिए । पार्टीले जिल्लाका आम नागरिक, सर्वसाधारणलाई मध्यनजगर गर्दै आँखा चेकजाँचको अभियान शुरु गरिएको बताए । ग्रामिण इलाकाका नागरिकहरु स्वास्थ्य सेवाको पहुँचमा आउनबाट वञ्चित हुने तथा उनीहरुमा सूचनाको अभाव समेत रहने भएकाले अभियान नै चलाएर चेकजाँच र शल्यक्रिया सुरु गरिएको अध्यक्ष सरार्फले जनाए । कार्यक्रमको समन्वय, सहजीकरण स्थानीय युवा नेता देव राज सरार्फ, सैफ अली लगायतकाले गरेका थिए भने नेताहरू रम्भा मिश्र, महादेव शर्मा, संजय सरार्फ, मनोज साह ,लोकेश कर्ण लगायतको सहभागिता रहेको थियो ।

**वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षण गरौं सामाजिक, आर्थिक र पर्यावरणीय क्षति न्यून गरौं ।**

**वन डढेलो लाग्ने कारणहरू**

- विंडी, चुरोट खाएर ननिभाई वनमा फाल्नाले ।
- नयाँ घाँस उर्मानको लागि आगो लगाउनाले ।
- गोल पोलेर आगो ननिभाई छाड्नाले ।
- वनभोज गरी आगो ननिभाई छाड्नाले ।
- वन्यजन्तु भगाउन आगो लगाउनाले ।
- गोठालो तथा केटाकेटीले वनमा आगो बाली ननिभाई छाड्नाले ।
- खेतबारीको झारपात, सिठा दाउरा तथा झिजामिजा डढाउन आगो बाल्नाले ।



**हुन सक्ने हानी नोक्सानीहरू**

- भुईमा झरेको बीउ डढेर उम्रिन नपाउँने ।
- साना बोट बिरुवाहरु जली नष्ट हुने ।
- जैविक विविधतामा ह्रास आउँने ।
- वन्यजन्तु तथा तिनीहरुको वासस्थानको विनाश हुने ।
- वन डढेलो मानव वस्तीसम्म फैली धन जनको क्षति हुने ।



**अपनाउनु पर्ने उपाय तथा सावधानीहरू**

- अग्निरेखा बनाउने तथा मर्मत सम्भार गर्ने ।
- ज्वलनशील वस्तु लिएर वनमा नजाने ।
- वन जंगल भित्र गोल नपोल्ने ।
- वन डढेलोको असरबारे जनचेतना अभिवृद्धि गर्ने ।
- सल्लीपिर, पात-पतिङ्गर तथा झाडी सफाईबाट उत्पादित
- झिजामिजा समयमै हटाउने ।



**नियन्त्रणका उपायहरू**

- आगो निभाउन हरियो स्याउलाले पिट्ने ।
- आगो निभाउन माटोको प्रयोग गर्ने ।
- विपरित दिशाबाट नियन्त्रित आगो लगाउने ।
- अग्नि नियन्त्रित साधनहरुको प्रयोग गर्ने ।



**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पोखरिया, पर्सा, मधेश प्रदेश, नेपाल**

सम्पादकीय

# आस्थाको धरोहरमाथि किन प्रहार ?

*विश्वका हिन्दूजनले आस्था राख्ने बाराको गढीमाई मन्दिरमा दोहोऱ्याएर तोडफोड भएको छ। अझ एउटा राजनीतिक दलले त मन्दिर तोडफोड गर्नेलाई तत्काल कारबाहीको दायरामा ल्याउन माग गर्दै संघीय सरकारका गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराएका छन् । माघ ३ गते बिहीबार राति करिब १० बजे आपराधिक मानसिकता बोकेका केही अराजक जत्थाले भाकलस्वरूप मन्दिरमा छाडिएका परेवा चोरी र लुटपाट गर्ने अभिप्रायले गढीमाई मन्दिर परिसरभित्र छिर्दा त्यहाँ खटिएका नगर प्रहरीले रोकेपश्चात् नगर प्रहरीसँग झडप भएको थियो।*

*झडपमा हातपातसमेत भएको पाइएको छ । शुक्रबार बिहान पुनः सुनियोजित तवरले केही अराजक जत्थाले गढीमाई मन्दिर परिसरभित्र छिरी त्यहाँ रहेको दानपेटिका र पंखाहरू तोडफोड गरी चरम उद्दण्डता प्रदर्शन गरेका थिए। यी सबै दृश्यहरू सिसीटिभी फुटेजमा पनि सहजै कैद भएकाले अराजक र धार्मिक धरोहरमाथि अनास्था जगाउनेहरु परको नभएको अनुमान लगाउन कठिन हुँदैन।*

*अराजक समूहद्वारा बारा जिल्लास्थित विश्वप्रसिद्ध गढीमाई मन्दिरमा भएको तोडफोड तथा उद्दण्डताविरूद्ध तत्काल कारबाही माग गरेर संघीय गृहमन्त्री भेट्नु पर्ने बाध्यता त नहुनु पर्ने हो। तर विश्वका हिन्दूजनको आस्थामाथि भएको प्रहारमा स्थानीय प्रहरी प्रशासनले किन मौनता साँधिरहेको छ भन्ने प्रश्न पनि हो।*

*बारा प्रहरी प्रशासनले केही गरेन भनेर नै केन्द्र सरकारका गृहमन्त्री भेटेर कारबाही माग गरिएको हो। यस्ता घटनामा स्थानीय प्रशासन पनि केही अप्रिय घटना हुन्छ कि भनेर मौनता साँधेर बसिदिंदा अराजकता फैलाउने समूहलाई मनोबल बढिरहेको हुन्छ। यस्तो घटनाले धार्मिक सम्प्रदायमा असहिष्णुता बढ्न सक्ने खतरा रहन्छ । करोडौँ हिन्दूजनको आस्थासँग जोडिएको सम्पदामा दोहोऱ्याएर अराजक समूह कसरी प्रवेश गर्न सक्यो ? उनीहरुले यसलाई सामान्य माने या प्रहरी प्रशासनले चैँ यसलाई साधारण भवितव्य ठानेर सुल्झाउन या अनदेखा गर्न खोज्यो ? जड यहीँनिर छ । यही नै खोजीको विषय हो । यो घटनालाई सामान्यीकरण गर्न खोज्दा नै उनीहरुको मनोबल बढेर दोहोऱ्याएर आएर तोडफोड गरेका हुन्। उनीहरुको तस्बिर सिसिटिभी फुटेजमा पनि कैद भएकाले प्रहरी प्रशासनले पक्कै यसलाई बेलैमा सम्बोधन गर्नु पर्ने थियो। तर नहुँदा केन्द्र सरकारको ध्यानाकर्षण गराउनु परेको छ।*

*कसैको पनि धार्मिक आस्था र धरोहरमा प्रहार गरिनु हुन्न। नेपाल धर्मनिरपेक्ष मुलुक भए पनि बहुसंख्यक हिन्दूजन छन् । त्यसमाथि हिन्दूजनले संयमता नै अपनाइरहेका छन् । उनीहरु सबै धर्मावलम्बीसँग सहिष्णु भएर समाज निर्माणमा सबैको सहभागिता खोज्दैछन् । यस्तो अवस्थामा यो विषय जिल्लामै सम्बोधन हुन नसकेर केन्द्रसम्म आइपुगेको छ। योसँगै यस्ता विषयले मिडियामा ठाउँ पाउँदा अझ धेरै स्थानमा यसको सन्देश प्रसार हुन्छ। यसले धेरैको मनमा चोट पुग्छ। त्यसैले धर्मजस्तो संवेदनशील विषयमा सबैले संयमता अपनाएर समयमा निर्णयमा पुग्नु पर्छ । अराजकता कुनै पनि धर्मको अंशक होइन, कानूनी हिसाबले पनि कारबाहीकै विषय हो भन्ने प्रहरी प्रशासनले*

*जनमानसमा सन्देश प्रवाह गरेर यस्ता घटनामा कसैले आँट नगरुन् भन्ने सन्देश दिन जरुरी छ।*

# गरिबी र असमानताको अन्त्य कहिले ?



रिसव गौतम

बढ्दो गरिबी र असमानता समकालीन विश्वको सर्वाधिक चिन्ताको विषय हो । तर एकातिर पछिल्लो दशक जसरी विश्वभर गरिबी र असमानता झाँगिदै गएको छ, उसैगरी धनीहरु भने झन धनी भइरहेका छन्। खासगरी बितेका केही वर्ष विश्व समुदायलाई नै अति प्रभावित तुल्याएको कोभिड–१९ को महामारी र केही देशहरुबीच भएको युद्धका कारण विश्वमा गरिबी तथा असमानता थप बढाएको तथ्याङ्कहरुले नै देखाएको छ।

सन् २०२३ जुलाई ११ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र अक्सफोर्ड विश्वविद्यालयले सार्वजनिक गरेको कूल एक सय ११ देशलाई समेटेर तयार पारेको प्रतिबेदन 'ग्लोबल मल्टिडाइमेन्सनल प्रोभटी इन्डेक्स २०२३ (एमपिआई) को अनुसार विश्वमा अझै एक अर्ब १० करोड मानिस गरिबीको रेखामुनि छन्।

एमपीआइले नै सन् २०२२ मा सार्वजनिक गरेको प्रतिवेदले विश्वमा एक अर्ब २० करोड मानिस गरिबीको अवस्थामा रहेको देखाएको थियो । प्रतिवेदनअनुसार गरिबी केही घटेको देखिए पनि सन् २०२३ मा विश्वको जनसङ्ख्या आठ अर्ब ५० लाख पुगिसकेको छ।

एकातिर विश्वको जनसङ्ख्या पृथ्वीले नै धान्न नसक्ने गरी बढिरहेको छ भने अर्कोतिर न्यून उत्पादन, भोकमरी, गरिबी र असमानताको दारुण अवस्था घट्न सकेको छैन। यसले गर्दा सन् २०३० सम्म विश्वबाट गरिबीको उन्मूलन गर्ने दिगो विकास लक्ष्यहरुका उद्देश्य पूरा नहुने स्पष्ट हुँदैछ।

विश्वका नेताहरुले मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारेको कार्ययोजनामा दिगो विकासका लागि गरिबीको अन्त्य अपरिहार्य भनिएको छ । दिगो विकास लक्ष्यअन्त्रगत गरिबीको अन्त्यसहित निर्धारण गरेका १७ वटा लक्ष्यमा साविकको अवस्थाबाट सन् २०३० सम्म उपलब्धि हासिल नहुने एमपीआईकै सन् २०२३ को प्रतिवेदनले सङ्केत गरिसकेको छ।

एमपीआईको प्रतिवेदनअनुसार दुई तिहाइ गरिबहरु ग्रिबी घटाउन धुरन्धर लागिपरेका मध्यम आय भएका मुलुकहरुमा बसोबास गर्छन् भने ३५ प्रतिशत गरिब न्यून आय भएका मुलुकमा बस्छन् । विश्वका गरिबमध्ये ८४ प्रतिशत मानिस ग्रामीण भेगमा बस्ने गरेका छन् भने विश्वका गरिबहरुमध्ये ५३ करोड ४० लाख मानिस सव–साहारा अफ्रिकामा बस्छन् । गरिबहरुमध्ये पनि ४८ करोड ५० लाख मानिस अति गरिबीको अवस्थामा गुज्रिएका छन् भने ५६ करोड ६० लाख गरिबहरु १८ वर्ष मुनिका बालबालिकाहरु रहेका छन्।

एमपीआईले स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा त्यसभित्रका विभिन्न उपसूचकहरुमा केन्द्रित रहेर गरेको अध्ययन प्रतिवेदन तयार गरेको हो। पछिल्लो समय विश्वव्यापी गरिबीको बहुआयामिक आयामहरु समेटेर तयार गरिएको यो नै यस्तो प्रतिवेदन हो । यसले समकालीन आधुनिक विश्व जगत्मा गरिबीको दारुण अवस्थाको चित्र उतारेको छ।

यसरी पछिल्लो दशक विश्वभर नै आर्थिक असमानता घट्न नसकेकोतर्फ विश्वका धेरै अर्थशास्त्रीहरुले चिन्ता र चासो व्यक्त गरिरहेका छन् । आर्थिक असमानता र गरिबी घटाउन महत्वपूर्ण कदम चाल्नसक्ने सङ्घसंस्थालाई विश्वका अर्थशास्त्रीहरुले सुझाव समेत दिइरहेका छन्।

सन् २०१९/२०२० मा दोस्रो विश्वयुद्धयताकै सबैभन्दा बढी असमानता बढेको र विश्वका सबैभन्दा धनी १० प्रतिशतले विश्वका आयको ५२ प्रतिशत हिस्सा ओगटेको तथ्याङ्क छ । विश्वका आधा जनसङ्ख्यामा कुल आयको ८.५ प्रतिशत हिस्सा मात्र रहेको अवस्था छ।

एकातिर अहिले विश्वका अर्बौं मानिसले खाद्यान्नमा महँगी, अभाव र भोकमरी झेलिरहेका छन् भने अर्कोतर्फ यही अवधिमा विश्वमा अर्बपतिहरुको सङ्ख्या बढिरहेको देखिन्छ । विश्वका अर्बपतिहरुको सूची सार्वजनिक गर्दै आएको फोब्र्सको नयाँ सूचीअनुसार सन् २०२४ मा विश्वमा दुई हजार सात सय ८१ जना डलरमा अर्बपति छन् । पछिल्लो सूची अघिल्लो सन् २०२३ कोभन्दा १४२ जनाले बढी हो। सो सूचीअनुसार विश्वमा सबैभन्दा बढी डरलमा अर्बपति अमेरिकाका छन्।

अमेरिकामा सन् २०२४ सम्ममा आठ सय १३ जना डलरमा अर्बपति पुगिसकेका छन्। अथाह पैसा कमाउने स्वतन्त्रता र वातावरण प्रदान गरेको विश्वकै पुँजीवादको खुला मैदान अमेरिकामा एलन मक्सको मात्रै आजको मितिमा ४२४ विलियन डलर सम्पति छ। जबकी संसारको २९ औँ नम्बरको अतिकम विकासित तर करिब तीन करोड जनसङ्ख्या भएको देश नेपालको कूल गार्हस्थ्य उत्पादनको आकार जम्मा ४२ विलियन डलरको रहेको छ।

अर्थात् संसारका धनी एलन मक्स एक्लैको सम्पत्ति पूरै नेपालको कुल गार्हस्थ उत्पादनको आकार भन्दा १० गुणा बढी देखिन्छ। संसारमा धनी र गरिबबीचको असमानता कसरी बढिरहेको छ, त्यो नै उदाहरण काफी छ । पछिल्लो समय चीनमा पनि अमेरिकाकै रफ्तारमा डलर अर्बपति बढिरहेका छन्। चीनमा सन् २०२४ सम्ममा ४७३ जना अर्बपति छन्। भारतमा नै पछिल्लो समय दुई सय जना अर्बपति पुगिसकेका छन्।

सन् २०२४ मा विश्वका मुठिभर अर्बपतिहरुको कुल सम्पत्ति १४२ खर्ब डलर (१४ दशमलव दुई ट्रिलियन) रहेको छ । पछिल्ला वर्ष एसिया महादेशमा झन बढी अर्बपतिहरु थपिएका छन्। त्यसले युरोप अमेरिकाभन्दा बढी असमानता एसियामा भित्रिरहेको देखाएको छ । फोब्र्सको सूचीमा भारतीय नागरिकको सङ्ख्या दुई सय पुगिसकेको छ।

त्यसैगरी समाजवादको अभ्यास गरिरहेको चिनिया अर्बपति सङ्ख्या फोब्र्सको अनुसार चार सय ७३ जना पुगिसकेका छन्। नेपाल जस्तो गरिब देशले समेत विनोद चौधरीलाई अर्बपतिको रुपमा लगातार उल्लेख गर्दै आएको छ। यसरी विश्वभर नै चरम पुँजीवाद मौलाएको छ । यसले गर्दा सक्नेले धन बृहत्रुपमा थुपारिरहेका छन्।

धनीहरु धनकै आडमा झन धनी भइरहेका छन् भने नसक्ने, गरिबहरु अभाव, रोगभोग, असमानताको दारुण जिन्दगी बाँचिरहेका छन्। पछिल्लो चुनौती के पनि छ भने गरिबी र असमानता कुनै वर्ग क्षेत्र अथवा देशमा सीमित नभएर सम्हाल्नै मुस्किल पर्ने गरी फैलिएको छ।

एकातिर विश्वभर पुँजीवाद मडारिएको छ भने समाजवाद र समाजिक न्याय यत्रतत्र कमजोर बनिरहेको छ । पृथ्वीमा उपलब्ध साधन स्रोत हरेक मानिसले समान रुपमा उपयोग गर्न पाउनु उसको मानवअधिकार हो। तर चरम पुँजीवादले उपलब्ध साधन र स्रोतहरु सीमित व्यक्तिमा निहित गरिरहेको छ। यसले चरम असमानता र गरिबी निम्त्याइरहेको छ । पुँजीवाद विकासको अस्त्र भए पनि त्यसलाई छाडारुपमा विकसित हुन नदिई सन्तुलन गर्दै समाजवादतर्फको यात्रा तय गर्नु आजको आवश्यकता हो।

**नेपालमा गरिबीको अवस्था**

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा कोरानो महामारी, भूकम्पलगायतका प्राकृतिक विपत्तिलगायत कारण निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्या २०.२७ प्रतिशतमा (५८ लाख ६३ हजार गरिब) उक्लिएको राष्ट्रिय तथ्याङ्क कार्यालयको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०)' मा उल्लेख छ । नेपालमा बहुआयामिक हिसाबको गरिबीमा जनसङ्ख्याको २८.६ मानिस बाँचिरहेका छन्। नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरिबी नै हो । यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरुरत देखिन्छ । निरपेक्ष गरिबीले तोकिएको आयभन्दा कम आयले जीवनका आधारभूत आवश्यकता समेत पूरा गर्न कठिनाइको अवस्था इंगित गर्छ । त्यसलाई उन्मूलन गरेर आम मानिसको ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

नेपालमा गरिबी निवारण गर्ने उद्देश्यले नै सरकारी तबरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन्। तर ती कार्यक्रम प्रभावकारी हुन नसकेकाले लक्षितरुपमा गरिबी घट्न नसकेको तथ्याङ्कले पुष्टि गरिरहेको छ। बरु पछिल्लो दशक जे–जति गरिबी घटिरहेको छ त्यसमा नेपालीहरुको वैदेशिक रोजगारीका कारण भित्रिएको रेमिट्यान्सले निकै ठूलो योगदान दिएको छ । सरकारले गरिबी घटाउन लक्षित गरिबी निवारण कोष नै भ्रष्टाचारको थलो भएपछि २०७८÷७९ को बजेट वक्तव्यमार्फत खारेजी गरेको थियो । गरिबी घटाउन स्थापित संस्था नै भ्रष्टाचारले खारेजी भएपछि गरिबी घटाउने प्रयास कसरी सफल होला?

गरिबी निवारण गर्न युवा स्वरोजगार कार्यक्रम, गरिबसँग विश्वश्वर कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता अरु विविध कार्यक्रम सरकारी तबरमै सञ्चालित छन् तर ती कार्यक्रमहरु प्रभावकारी हुन सकेका छैनन् । खासगरी त्यस्ता कार्यक्रममा सिर्जनात्मकताको अभाव, भ्रष्टाचार र अनियमितताको व्यापकता, कमजोरीहरुको निरन्तरताले प्रभावकारी हुन सकेका छैनन्।

सरकारी तवरबाट सञ्चालित गरिब लक्षित कार्यक्रम प्रभावकारी हुन नसक्दा अहिले पनि नेपालमा भोकमरी र असमानताको अवस्था व्यापक छ। 'कन्सर्न वल्ड वाइड र वेल्ट हङ्गर हाइलाइफ'ले तयार पारेको विश्व भोकमरी सूचकाङ्क प्रतिवेदन २०२२ अनुसार एक सय २१ मुलुकमा नेपाल ८१ औँ स्थानमा रहेको छ। प्रतिवेदनले नेपाललाई भोकमरीमा मध्यम स्तरको जोखिममा रहेको देखाएको छ । प्रतिवेदनअनुसार भोकमरीको जोखिम सबैभन्दा कम रहेकोमा बेलारुस एक नम्बरमा छ भने सबैभन्दा बढी भोकमरीको अवस्थामा यमन १२१ औँ नम्बरमा रहेको छ।

प्रतिवेदनअनुसार नेपालमा सबैभन्दा बढी भोकमरीको जाखिम कर्णाली प्रदेशमा रहेको छ। नेपालमा ४० लाखभन्दा बढी मानिस भोकमरीको चपेटामा रहेको हुनसक्ने अनौपचारिक अध्ययनहरुले देखाएका छन्। यो अवस्थाको अन्त्य नभएसम्म गरिबी निवारणको लक्ष्य पूरा हुन सक्दैन। रासस

# जलवायु न्यायको पैरवीका लागि सगरमाथा संवाद

पछिल्लो समय विश्वमै सबैको चासोको विषय बन्दै गएको जलवायु परिवर्तनलाई नेपालले पनि उच्च प्राथमिकता दिंदै आएको छ। यस विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम र मञ्चहरूमा नेपालको सहभागिता पनि बढ्दै गएको छ।

यसै सन्दर्भमा नेपालले लामो प्रतीक्षापछि 'सगरमाथा संवाद' आयोजना गर्ने तयारीलाई पुनः अघि बढाएको छ । यसअघि ०७६ सालमा तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले अघि बढाएको सगरमाथा संवादको तयारी कोभिड– १९ कारण अन्तिम समयमा स्थगित गर्नुपरेको थियो । सरकारले जलवायु परिवर्तनका विषयमा विश्वमै नेतृत्व हासिल गर्न तथा जलवायु न्यायका लागि पैरवी गर्न सगरमाथा संवाद अघि बढाएको जनाएको छ।

परराष्ट्र र वन तथा वातावरण मन्त्रालयले विभिन्न समिति बनाई तयारी थालेका छन्। यो संवाद हाललाई प्रत्येक दुई वर्षमा आयोजना गर्ने मन्त्रिपरिषद्को निर्णय छ। आगामी जेठ २, ३ र ४ गते गर्न संवाद आयोजना गर्न प्रस्ताव गरिएको छ।संवादमा विशेष गरी पर्वतीय र सामुद्रिक देशका राष्ट्रप्रमुख तथा सरकारप्रमुख, जलवायु अनुसन्धानको क्षेत्रमा काम गर्ने विज्ञ, राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका निजी क्षेत्रका प्रतिनिधि, विषयविज्ञ तथा समाजमा प्रभाव पार्न सक्ने व्यक्तित्व, मिडियाका विज्ञलगायतलाई निमन्त्रणा गरिने बताइएको छ।

**संवादलाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अंग बनाइने**

संवादलाई नेपालले अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको अंगको रूपमा विकास गर्ने गरी यही माघ ८ गते (भोलि) घोषणा गरी तयारीको सुरुवात गर्न लागेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले जानकारी दिए । संयुक्त राष्ट्र संघले सन् २०२५ लाई अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षका रूपमा मनाउँदै छ।

संयुक्त राष्ट्र संघको प्रतिनिधित्व गर्दै विश्व मौसम संगठन र युनेस्कोले यही जनवरी २१ तारिखमा संयुक्त रूपमा अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्षको सुरुवात गर्दै छन् । यसै अवसरमा नेपालमा यही माघ ८ गते प्रधानमन्त्री ओलीबाट सगरमाथा संवाद घोषणा गरिनेछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने घोषणा कार्यक्रममा नेपाल सरकारका सबै मन्त्री, सचिव, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख, विकास साझेदार निकायका प्रमुख, जलवायु क्षेत्रमा काम गर्ने संस्थाका प्रमुख र प्रतिनिधि, मिडियालगायतको सहभागिता रहने बताइएको छ।

पहिलोपटक हुन लागेको सगरमाथा संवादको विषय 'जलवायु परिवर्तन, पर्वतीय र मानवीय भविष्य' रहेको छ । कोभिड– १९ यता जलवायु परिवर्तनका क्षेत्रमा पनि ग्लास्गोमा कोप– २६, सार्म अल शेख कोप– २७, दुबईमा कोप– २९ र बाकुमा कोप– २९ गरी चार अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भइसकेका छन्। जलवायुको एजेन्डा अझ मुखरित भएर आएकाले पनि नेपालले सगरमाथा संवाद आयोजना गर्नु अपरिहार्य देखिएको उनले बताए।

भीष्मराज ओझा

सगरमाथा संवाद आयोजनाका लागि संयोजन गरिरहेका सहसचिव डा. ढकालले भने, 'जलवायुले पर्वतीय क्षेत्रमा पारेको असर र प्रभाव यसबाट स्थानीय भोगेको समस्या हेर्दा यो क्षेत्रमा अझै पर्याप्त छलफल र बहस गर्नुपर्ने आवश्यकता छ । यसको आधारमा जलवायुका असरसँग जुँध्न सक्ने क्षमता विकास गर्न सामूहिक प्रयासका लागि उपाय खोज्नुपर्ने सर्वत्र आवाज उठिरहेको छ।'

अर्कोतर्फ नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने घोषणा गरिसकेको छ। जलवायुसम्बन्धी नेपालका नीतिहरू राम्रा छन्, तर कार्यान्वयनमा प्राप्त स्रोतसाधन कम भएको तथा आर्थिक र सामाजिक रूपमा क्षमता कमजोर छ। 'त्यसका बाबजुद नेपालले जैविक विविधता र वातावरण संरक्षण गरेर अन्तर्राष्ट्रिय समुदायलाई सेवा पुऱ्याइरहेको छ,' उनले भने, 'तर, अन्तर्राष्ट्रिय समुदायले यी सेवाको भुक्तानी दिनुको सट्टा उल्टो कार्बन उत्सर्जन गरेर हाम्रो हिमाल पगाल्ने काम गरेका छन् । यसले गर्दा हामी दोहोरो मारमा परेका छौँ।'

**संवादका क्रममा जलवायु न्यायका लागि पैरवी गरिने**

यसमा हामीले अन्तर्राष्ट्रिय समुदायलाई समयमै बुझाउन र समाधानका उपाय खोज्न सकेनौँ भने हाम्रो मानव सभ्यता बचाउन नै ठुलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्छ। 'जलवायु परिवर्तनले नेपालमा पारेको असरबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएर त्यसबाट जलवायु वित्तमा पहुँचका लागि क्षमता अभिवृद्धि, प्रविधिको विकास र विस्तारमा युवाको सहभागिता अभिवृद्धि गर्ने, स्थानीय समुदायलाई अनुकूलनका लागि बढीभन्दा बढी स्रोतसाधन जुटाउने हाम्रो लक्ष्य छ,' सहसचिव डा. ढकालले भने।

न्यून कार्बन उत्सर्जन गरेर पनि उच्च जोखिममा पर्नुपरेको पीडाबारे अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउँदै त्यसबाट नेपालले लिनुपर्ने क्षतिपूर्ति र नेपालले उपलब्ध गराएका वातावरणीय सेवाबापतको भुक्तानीको सन्दर्भमा समेत नेपालले संवादका क्रममा पैरवी गर्नेछ । जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखा परेको गम्भीर चुनौती हो। यसको असर विशेष गरी नेपालजस्तो अल्पपिकसित र संवेदनशील भूबनोट भएको देशहरूमा बढी देखिन थालेको छ।

यही वर्ष मात्र नेपालले जलवायुजन्य विपतबाट ठुलो जनधनको क्षति व्यहोर्नुपरेको थियो । जलवायुजन्य जोखिम र संकटापन्नता आगामी दिनमा अझ बढ्ने अनुमान गरिएको छ । वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेकाले यो नेपालका लागि मात्र नभई विश्वका लागि चिन्ता र चासोको विषय बन्नुपर्ने वनमन्त्री ऐनबहादुर शाही ठकुरीका जलवायु सल्लाहकार मन्जित ढकालको भनाइ छ।

**तापक्रम वृद्धि**

उनका अनुसार विगतका तीन–चार दशकको तथ्यांक हेर्दा हिमालमा प्रतिदशक ०.०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । 'यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ,' उनले भने। विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ। त्यही भएर पनि नेपालले जलवायुका क्षेत्रमा नेतृत्वदायी भूमिकाका साथ सगरमाथा संवाद गर्न लागेको जनाएको छ । सरकारले संवादको तयारीका लागि परराष्ट्रमन्त्रीको अध्यक्षतामा निर्देशन समिति, प्रधानमन्त्री कार्यालयका सचिवको संयोकत्वमा व्यवस्थापन समिति र वन मन्त्रालयका सचिवको संयोजकत्वमा सचिवालय स्थापना गरेर तयारी थालेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता एवं सहसचिव कृष्णप्रसाद ढकालले नेपाल सरकारले यो कार्यक्रम उच्च प्राथमिकता दिएर कार्यान्वयन गर्न खोजेको जानकारी गराए । 'जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा गरेको असरका विषयमा पर्वतीय क्षेत्रका नागरिक र अन्तर्राष्ट्रिय समुदायको बुझाइमा एकरूपता ल्याउने तथा जलवायुको न्यायका लागि पैरवी गर्ने उद्देश्यका साथ सगरमाथा संवाद गर्न लागेको छौँ,' उनले भने।

साथै जलवायु विज्ञान र प्रविधिको विकास विस्तारमा योगदान गर्ने, पर्वतीय एजेन्डालाई अझ मुखरित गर्ने तथा थप प्रभावकारी बनाउन पर्वतीय मुलुकहरूसँग बसेर काम गर्नका लागि पनि यो संवाद जरुरी रहेको उनको भनाइ छ।आर्थिक रूपमा द्रुत गतिमा अघि बढेका, जनसंख्या र क्षेत्रफल बढी भएका, बजार अर्थतन्त्रमा ठुलो महत्त्व राख्ने दुई छिमेकी मुलुकको बिचमा रहेको नेपालले गर्न लागेको यो कार्यक्रम छिमेकी राष्ट्रसँग मिलेर काम गर्न आगामी दिनमा नयाँ आयामसमेत बन्ने सहसचिव ढकालको अपेक्षा छ।

'नेपालजस्तै हिमाली देशहरूमा जलवायु परिवर्तनले गरेका असर, प्रभाव र समाधानका उपायले कार्बन उत्सर्जन न्यूनीकरण गर्न, प्रकृतिमा आधारित जलवायु अनुकूलन गर्न तथा जलवायुजन्य हानिनोक्सानीको विषयमा विभिन्न आयाममा र विषयगत छलफल गरी त्यसबाट निस्केका निष्कर्षलाई अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन खोजेका छौँ,' प्रवक्ता ढकालले भने।

खागगरी वर्तमान विश्वमा मानव समुदायका जल्दाबल्दा विषय जस्तै अर्थतन्त्र, भूराजनीति, शान्तिसुरक्षा, जलवायु परिवर्तन, वातावरणलगायत क्षेत्रमा छलफल गर्ने विश्व परम्परा रहिआएको छ । यसअन्तर्गत स्वीट्जरल्यान्डले 'वल्र्ड इकोनोमिक फोरम', भारतले 'राइसिना डाइलग', सिंगापुरले 'सांग्रिला', चीनले 'बोआवो फोरम'लगायत मञ्चमा समसामयिक विषयमा छलफल र बहस गर्ने बुझाइमा एकरूपता ल्याउने, भविष्यको मार्गदर्शनका लागि दिशानिर्देश गर्ने गरेका छन्। रासस

# स्ववियु निर्वाचन चैत ५ मा

**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने सहमति भएको छ ।
त्रिविका शिक्षाध्यक्ष डा खड्ग केसीको अध्यक्षतामा आज बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्य सचिव पशुपति अधिकारीले जानकारी दिनुभयो । यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशकसमेत रहनुभएका डा.केसीले कानुनी जटिलता आउने भएकाले अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने निर्णय गरिएको बताए ।
'वर्तमान कार्यसमितिको दुई वर्षको कार्यकाल राखिएको छ । आगामी चैत ५ गते ठीक दुई वर्ष पुग्छ', उनले भने, 'कानूनी जलिटता नआओस् भनेर अघिल्लो पटक निर्वाचन भएको मितिमै निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरिएको छ ।'
यसअघि २०७९ चैत ५ गते स्ववियु निर्वाचन भएको थियो । प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित रुपमा हुन सकेको थिएन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक २०७३ चैत १५ गते भएको थियो । त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो । त्यतिवेला नौ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन ।
स्ववियु निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ । निर्वाचनका लागि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ।रासस

# नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा छः प्रधानमन्त्री



**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितको पक्षमा रहेको बताएका छन् ।नेकपा एमालेको परराष्ट्र मामिला विभागद्धारा सोमबार आयोजित 'नेपालको परराष्ट्र नीतिबारे सांसद संवाद' कार्यक्रम सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साना र ठूला राष्ट्रको हित समान हित हो भन्ने मान्यताका साथ नेपालको सार्वभौमिकता, स्वाभिमान र भौगोलिक अखण्डताका पक्षमा नेपाल सदैव कटिबद्ध रहने बताए ।
'हामी हाम्रो राष्ट्रिय हितका कुरा गरिरहँदा विश्व शान्ति र मानवीय हितलाई पनि सँगै राखेर हेर्ने गर्छौं। संयुक्त राष्ट्रसंघको वडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तबाट हामी निर्देशित छौँ। हामी पारस्परिक लाभ र सहअस्तित्वमा विश्वास गर्छौं,' प्रधानमन्त्री ओलीले भने, 'हाम्रा कोही शत्रु छैनन्, सबै हाम्रा मित्र हुन् भन्ने भावका साथ हामीले वैदेशिक सम्बन्ध कायम गर्छौं । भूराजनीतिलाई देखाएर आफ्नो कायरतालाई लुकाउने काम हामी गर्दैनौं ।'
राष्ट्रिय हितको रक्षा गर्न भूराजनीतिक परिस्थितिलाई नेपालले सन्तुलित रूपमा सामना गर्न सक्ने प्रधानमन्त्रीको भनाइ थियो। छिमेकी देशसँग उत्ताउलो नभईकन खुलस्त र मित्रतापूर्ण रूपमा आफ्ना जायज कुरा राख्नुपर्ने उनको भनाइ थियो ।
'जिब्रो लट्पट्याएर नबुझिने गरी कूटनीतिक संवाद गर्नुपर्छ भन्ने छैन । बुझिने गरी संवाद गर्नुपर्छ,' ओलीले भने, 'त्यसरी कुरा गर्दा अर्को पक्षले पनि आफ्नो धारणा बनाउन सहजता महसुस गर्न सक्छ ।'
प्रधानमन्त्रीले राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिएर सत्ता स्वार्थका लागि घुँडा टेक्नु राष्ट्रिय हित नभएको र सानो देश हौँ भन्ने हीनता भाव पाल्नु पर्ने आवश्यकता नरहेको पनि बताए ।
राष्ट्रिय हितभन्दा सत्ता स्वार्थ र स–साना कुरालाई महत्त्व दिने प्रवृत्ति गलत भएको जिकिर गर्दै ओलीले नेपालले आर्थिक, सांस्कृतिक र कूटनीतिक हितलाई ध्यान दिएर विश्वसनीय र जिम्मेवार रूपमा आफूलाई प्रस्तुत गर्ने बताए ।रासस

# विपीनको रिहाइबारे परराष्ट्रमन्त्रीद्वारा इजिप्टका विदेशमन्त्रीसँग फोनवार्ता



**काठमाडौँ ।**
हमास अतिवादी समूहको नियन्त्रणमा रहेका नेपाली युवा विपीन जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै परराष्ट्र मन्त्री डा.आरजु राणा देउवाले इजिप्टका विदेशमन्त्री डा. बदर अब्देल–अतिसँग सोमबार फोनवार्ता गरेकी छिन् ।
इजरायल सरकार र हमासबीच शान्तिवार्ता र युद्धविराम भएपछि आफ्नो नियन्त्रणमा रहेका बन्दीहरुलाई हमासले आइतबारबाट मुक्त गर्ने प्रक्रियाको थालनी गरेको छ । परराष्ट्रमन्त्री डा राणाले पहिलो चरणमै विपीनको रिहाइका लागि पहल गरिदिन विदेशमन्त्री डा अब्देल अतिमार्फत् इजिप्ट सरकारसँग सोमबार सो आग्रह गरेकी हुन् ।आफ्नो स्वास्थ्य उपचारका लागि बैंककमा रहेकी मन्त्री डा. राणाले त्यहीँबाट इजिप्टका मन्त्रीसँग फोनवार्ता गरेकी हुन् ।
फोनवार्ताका क्रममा मन्त्री डा.राणाले इजरायल सरकार र हमासबीचको युद्धविरामका लागि इजिप्टले निर्वाह गरेको भूमिकाका लागि इजिप्टि सरकारलाई धन्यवाद दिएकी थिइन् । त्यसैगरी इजिप्टका विदेशमन्त्री डा.अब्देल अतिले विपीनको रिहाइका लागि आफूले इजिप्टका मध्यस्थकर्तालाई विशेष निर्देशन दिने बताएका थिए ।
इजरायल सरकार र हमासबीच युद्धविरामको कुराकानी भएदेखि नै मन्त्री डा राणाले हमाससँगको शान्तिवार्ताका लागि मध्यस्थता गरिरहेका कतार र इजिप्टसँग विपीन रिहाइका लागि विशेष पहल गरिदिन आग्रह गरिरहेकी छिन् ।
केही दिनमात्र अघि मन्त्री डा.राणाले कतारका विदेश राज्यमन्त्री डा.मोहम्मद बिन अब्दुलाजिज अल-खुलाइफीसँग पनि फोनवार्ता गरी सोही आग्रह गरेकी थिइन् । खुलाइफी शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुन् ।
त्यसैगरी मन्त्री डा.राणाले इजरायलका विदेशमन्त्री गिडियन सारसँग पनि केही दिनअघि फोनवार्ता गरी हमासहरुले अपहरण मुक्त गर्न लागेका भनिएका व्यक्तिहरुको पहिलो चरणमै विपीन जोशीको रिहाइका लागि पहल गरिदिन विशेष आग्रह गरेकी थिइन् ।
विपीनको रिहाइका लागि नेपाल सरकारले गत वर्षदेखि नै कूटनीतिक प्रयास जारी राखेको छ । मन्त्री डा.राणाले संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चहरु र बैठकहरुमार्फत विपीनको रिहाइका लागि आग्रह गर्दै आएकी छिन् ।रासस

# 'रैथाने खानाको प्रवर्द्धनमा ध्यान दिन आवश्यक'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कृषि जैविक विविधताको संरक्षण तथा प्रवद्र्धनका साथै रैथाने खानाको बजारीकरणमा सरोकारवाला निकायले ध्यान दिन आवश्यक भएको बताएका छन् ।
ग्यास्टोनोमी टुरिजम एसोसिएसन अफ नेपालले आयोजना गरेको तेस्रो 'राष्ट्रिय जैविक विविधता सप्ताह–२०८१' को समापनका अवसरमा सोमबार उनले सरकारले ल्याउन लागेको कृषि ऐनमा कृषिको जैविक विविधताको विषय समेटिने विश्वास व्यक्त गरे ।
महामन्त्री थापाले कृषि मन्त्रालयले बनाउँदै गरेको नयाँ ऐनमा रैथाने बीउबिजन, उत्पादन र कृषि जैविक विविधताको संरक्षण कृषिको मूल आधारको रुपमा हेरिनुपर्नेमा जोड दिए । उनले भने, 'जलवायु परिवर्तन र वन संरक्षणको विषय निकै महत्वका साथ उठाइने गरिएको छ, तर कृषि जैविकताको विषय भने ओझेलमा परेको छ, अहिले कृषि ऐन बनिरहेको सन्दर्भमा यसलाई केन्द्रमा ल्याउने अवसर आएको छ, यसका सबैको सक्रियता चाहिन्छ ।'
महामन्त्री थापाले विदेशी पर्यटकलाई नेपालको रैथाने खानाको परिकारको स्वाद चखाउन सके नेपालको पर्यटन प्रवद्र्धनमा टेवा पुग्नेमा विश्वास व्यक्त गरे । उनले सबै जातजाति र समुदायको खाना, रहनसहन, पाककला र संस्कृति जोडेर पर्यटन प्रवद्र्धन गरिनुपर्ने बताए ।
त्यसअवसरमा वरिष्ठ सेफ गोविन्दनरसिंह केसीले परम्परागत खानाको संरक्षण तथा प्रवद्र्धनमा नयाँ पुस्ताले ध्यान दिनुपर्ने खाँचो औँल्याए । उनले नेपाली खानालाई विश्व बजारमा प्रवद्र्धनका लागि विभिन्न मुलुकमा खाना प्रदर्शनी आयोजना गरिएको र यसले नेपाली खानाको प्रवद्र्धनमा मद्दत पुगेको उल्लेख गरे ।
ग्यास्टोनोमी टुरिजम एसोसिएसनका सल्लाहकार श्रीराम अधिकारीले स्वस्थ्य जीवन र पर्यावरणका लागि रैथाने परिकारको उपयोगलाई व्यापक बढाइनुपर्ने बताए ।
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अधिवक्ता बलराम रिजालले कृषि जैविक विविधताको महत्व कृषि, स्वास्थ्य, पर्यटनलगायतसँग जोडिएकाले यसको प्रवद्र्धनका लागि सबै सरोकारवालाले ध्यान दिनुपर्ने खाँचो औँल्याए ।
नेपाल युवा परिषद्का संस्थापक अध्यक्ष सरोज बाँनियाले रैथाने बीउ र बालीको उत्पादन तथा प्रवद्र्धनका साथै जैविक विविधता संरक्षणमा युवापुस्ताले सक्रियता जनाउनुपर्ने बताए । सेफ एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष श्याम लामाले रैथाने खाद्यान्नको माध्यमबाट खाना पर्यटन प्रवद्र्धन गरिनुपर्ने धारणा राखे ।
बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ सल्लाहकार डा.आलोक प्रसाईले कृषि जैविक विविधताको संरक्षण प्रवद्र्धनमा सरकार र निजी क्षेत्रको साझेदारीता फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिए ।
ग्यास्टोनोमी टुरिजम एसोसिएसनका अध्यक्ष रमेश भण्डारीले नेपाली खानालाई अन्तर्राष्ट्रियरुपमा प्रवद्र्धन गर्ने उद्देश्यले विगत पाँच वर्षदेखि जैविक विविधता संरक्षण दिवस मनाइँदै आइएको बताए । संस्थाले हिमाल, पहाड र तराईका रैथाने खानाको संरक्षण र प्रवद्र्धनका लागि विभिन्न प्रचारात्मक अभियान सञ्चालन गर्दै आएको उनको भनाइ छ ।रासस

# शिक्षा नै मुलुक विकास र समृद्धिको मुख्य आधारः अध्यक्ष दाहाल

**गोरखा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षा नै मुलुक विकास र समृद्धिको मुख्य आधार भएको बताएका छन् ।
गोरखा नगरपालिका–८ आहालेस्थित सरस्वती माध्यमिक विद्यालयको स्वर्ण जयन्ती तथा अभिभावक दिवस समारोहको सोमबार उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले शिक्षा क्षेत्रको विकास देशको प्राथमिकतामा हुनुपर्नेमा जोड दिए ।
'शिक्षा नै त्यस्तो आधार हो, जहाँबाट मुलुकको विकास र समृद्धि सम्भव छ, यसले अनुशासन र स्थिरताको आधार तयार गर्नसक्छ', अध्यक्ष दाहालले भने,'त्यसका लागि शैक्षिक क्षेत्रको सुधार गर्न वर्षौंदेखि अगाडि बढ्न नसकेको शिक्षा विधेयकलाई मेरै नेतृत्वमा रहेको मन्त्रिपरिषद्ले पारित गरेर सदनमा छलफलका लागि पु¥याएको छ ।'
शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरेर मात्र शैक्षिक क्षेत्रको सुधार सम्भव रहेको उनको भनाइ थियो । अध्यक्ष दाहालले शिक्षा क्षेत्रलाई अगाडि बढाउनका लागि राज्यले लिने प्रतिबद्धताको स्तरले देशकै सभ्यता, विकास र सुशासनको स्तर मापन हुने बताए ।
'हामी कहाँ अझै पनि शिक्षालाई व्यापारको आधार बनाउने काम रोकिएको छैन', अध्यक्ष दाहालले भने, 'संविधानमा शिक्षालाई मौलिक अधिकारका रुपमा व्याख्या त गरियो तर संविधान बनेको लामो समय बितिसक्दा पनि शिक्षा ऐन नबन्दा समस्या भइरहेको छ ।'
संविधानमा शिक्षालाई जनताको मौलिक अधिकारका रुपमा उल्लेख गरेको भए पनि आवश्यक ऐन निर्माण नगर्दा र बजेट विनियोजन नहुँदा समस्या भएको उनको भनाइ छ ।रासस

# आर्थिक कूटनीतिले प्राथमिकता पाउनेः राजदूत नेपाल




**काठमाडौं ।**
स्पेनका लागि नेपाली राजदूत सनिल नेपालले आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै नेपाल र नेपालीको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
स्पेन प्रस्थान गर्नुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सन्चारकर्मीहरुसंग सङ्क्षिप्त कुराकानीमा नवनियुक्त युवा राजदूत नेपालले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा, पर्यटन, रोजगारीलगायतका क्षेत्रमा लगानीको वातावरण सिर्जना गरी मुलुकको अर्थतन्त्र सुधारका पक्षमा योजनाबद्ध ढङ्गबाट काम गर्ने स्पष्ट गरे ।
उनले भने, 'कूटनीतिक क्षेत्र तथा दातृ नियकासम्बद्ध स्वदेशी तथा विदेशी सङ्घसंस्थासँगको सहकार्यसहित वित्तीय व्यवस्थापन, नीति तथा योजना तर्जुमालगायतका क्षेत्रमा काम गरेको लामो अनुभवसहित प्राप्त ज्ञान र जनसम्पर्कको अधिकतम सदुपयोग गरी परिणाम देखिने गरी देश र जनताका पक्षमा काम गर्नेछु । प्राप्त जिम्मेवारीका लागि नेपाल सरकारलाई धन्यवाद भन्न चाहन्छु ।'
राष्ट्रपति रामचन्द्र पौडेलले गत मङ्सिर २८ गते स्पेनका लागि उनलाई राजदूत पदमा नियुक्त गर्नुभएको थियो । राजदूत नियुक्ति प्रक्रियाअन्तर्गत नेपाल सरकारबाट गत साउनमा स्पेनका लागि सिफारिस भएका नेपालले भदौमा संसदीय सुनुवाइ प्रक्रिया पूरा गरेका थिए। सरकारले हाल नेपाली दूतावास नभएकाले युरोपेली मुलुक माल्टाका लागि समेत राजदूतको जिम्मेवारी तोकेको उनले जानकारी दिए ।
यसअघि पुष्पकमल दाहाल नेतृत्वको सरकारले पोचुगलमा नेपाली दूतावास स्थापना गरी उनलाई राजदूत पदमा सिफारिस गरेको थियो ।रासस

# गुरुङ र मगर भाषालाई गण्डकी सरकारी कामकाजको भाषा बनाइने



**तनहुँ ।**
गण्डकी प्रदेश सरकारले प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने भएको छ । गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारले दुई भाषालाई सरकारी कामकाजको भाषा बनाउन प्रक्रिया अघि बढेको जानकारी दिए ।
मन्त्रालयले दमौलीमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने सन्दर्भमा सुझाव सङ्कलन गरेको छ । सरकारले मगर भाषा र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषा बनाउन विधेयक तयार गरेको छ । सोही विधेयकमा टेकेर प्रदेशका विभिन्न जिल्लामा पुगेर सुझाव सङ्कलन गरिएको मन्त्री थापाले बताए ।
गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर र गुरुङ भाषाको संरक्षण, संवद्र्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गर्न खोजिएको मन्त्री थापाको भनाइ छ ।भाषा आयोग काठमाडौँले प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरु पूरा गर्ने अवस्थामा रहेका मगर र गुरुङ भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रुपमा कार्यान्वयन गर्न सिफारिस गरेको मन्त्री थापाले बताए ।
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा गण्डकी प्रदेश सरकारले गत साउन २२ गतेको निर्णयबमोजिम उक्त विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदा निर्माण प्रक्रियामा रहेको उनले जानकारी दिए । आगामी हिउँदे अधिवेशनबाट संसद्मा टेबुल गर्ने सरकारको योजना छ ।
गण्डकी प्रदेशमा मगर समुदायको बसोबास १८ दशमलव ८ प्रतिशत र गुरुङ समुदायको ११ प्रतिशत छ । गण्डकी प्रदेशभित्र मगर दोस्रो र गुरुङ चौथो ठूलो समुदायको रुपमा छ ।रासस

# धौवादी फलाम उद्योग सञ्चालन प्रक्रिया छिटो अघि बढाउनुपर्नेमा जोड




**काठमाडौं ।** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले धौवादी फलाम उद्योग सञ्चालन प्रक्रिया छिटो अघि बढाउनुपर्नेमा जोड दिएका छन् । पूर्वी नवलपरासीको हुप्सेकोट स्थित उक्त खानी उद्योग सञ्चालनका विषयमा सोमबार काठमाडौंमा सरकारी तथा निजी क्षेत्रका सरोकारवालासँग गरिएको अन्तरक्रियामा बोल्दै उनले उक्त उद्योग छिटो सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् । धौवादी फलाम खानीको उत्खनन्, प्रशोधन तथा प्रयोग वर्तमान सरकारको चासो र प्राथमिकताको विषय भएको उनको भनाइ छ । उक्त फलाम उद्योग सञ्चालनको विषय तेस्रो लगानी सम्मेलनका बेला प्राथमिकताका साथ उठेकामा हाल यसबारे भइरहेका छलफलले उपयुक्त निर्णय गरी फलाम उद्योग सञ्चालन गर्नुपर्ने मन्त्री भण्डारीले बताए । मन्त्रालयका सचिव कृष्णबहादुर राउतले उक्त खानी उद्योग सञ्चालन हुँदा व्यापार घाटा घट्नुका साथै अन्तर्राष्ट्रिय बजारमा फलाम निर्यात गरी आर्थिक विकास गर्न सकिने बताए । करिब ५२ अर्ब बढी लागतमा निर्माण हुने उक्त फलाम उद्योग सञ्चालन गर्न ५५ प्रतिशत सरकारी र ४५ प्रतिशत निजी क्षेत्रको लगानी रहने विषयमा छलफल भइरहेको उनले जानकारी दिए ।

अन्तरक्रियामा प्रधानमन्त्री केपी शर्मा ओलीका आर्थिक सल्लाहकार डा युवराज खतिवडाले फलाम उद्योग सरकारको नेतृत्व र निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्नुपर्ने सुझाव दिए । धौवादी फलाम उद्योग सञ्चालनका लागि सरकार र निजी क्षेत्रसँगै अघि बढ्नुपर्ने उनको भनाइ छ । कम्पनीका कार्यकारी निर्देशक डा जनकबहादुर चन्दले कम्पनीको लक्ष्य तथा उद्देश्यहरू समयमै हासिल गर्न कम्पनीका भावी कार्य योजनालाई छिटोछरितो सञ्चालन गर्नु जरुरी रहेको बताए । विसं २०६८ सालमा हुप्सेकोट गाउँपालिका–५ को पोखरी, दुरुलङ्गा तथा धौवादी क्षेत्रमा फलाम खानी पत्ता लागेको थियो । उक्त खानीको धाउ क्षेत्र करिब ४१ वर्ग किलोमिटरमा फैलिएको छ । उक्त खानीबाट २०८५ सालदेखि व्यावसायिक उत्पादन गर्ने लक्ष्य छ । खानी सञ्चालन भएमा करिब दुई हजार पाँच सयले प्रत्यक्ष र अप्रत्यक्ष २५ हजार जनाले अप्रत्यक्ष रूपमा रोजगारी पाउने बताइएको छ । उक्त खानीबाट दैनिक एक हजार पाँच सय टन फलाम उत्पादन हुने बताइएको छ । सरकारले विसं २०७६ मा धौवादी फलाम खानी लिमिटेड गठन गरेको थियो । खानी पूर्ण क्षमतामा सञ्चालन हुँदा नेपालले हाल आयात गरिरहेको फलाम तथा फलामजन्य सामग्रीको २५ प्रतिशतभन्दा बढी माग पूरा हुने अपेक्षा गरिएको छ । रासस

# नेप्से परिसूचक ६ दशमलव ७८ अंकले बढ्यो

**काठमाडौं ।** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक छ दशमलव ७८ अङ्कले बढेर दुई हजार छ सय सात दशमलव ९९ को विन्दुमा कायम भएको हो । सोमबार तीन सय ११ कम्पनीको एक करोड ३६ लाख ७७ हजार नौ सय ८३ कित्ता शेयर ७४ हजार चार सय तीन पटक खरिदबिक्री हुँदा छ अर्ब ५७ करोड चार लाख ७७ हजार आठ सय ८६ रुपैयाँ बराबरको कारोबार भएको छ । सोमबारको कारोबारमा बैकिङ समूह शून्य दशमलव २०, विकास बैंक शून्य दशमलव ६०, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ०२ र लघुवित्त समूह शून्य दशमलव ०४ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । होटल तथा पर्यटन शून्य दशमलव १२, लगानी शून्य दशमलव ६०, जीवन बीमा शून्य दशमलव ०४, उत्पादन तथा प्रशोधन एक दशमलव ६८, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बीमा शून्य दशमलव २३, व्यापार एक दशमलव ०६ र अन्य समूह दुई दशमलव १३ प्रतिशतले बढेको छ । सोमबार मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ०५ प्रतिशतको वृद्धि देखिएको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको २४ करोड एक लाख ८८ हजार चार सय चार रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन पावर पार्टनर लिमिटेडको तीन लाख ७७ हजार छ सय ४६ कित्ता शेयर कारोबार भएको छ । रासस

# बागमती प्रदेशमा बढ्दै समस्याग्रस्त सहकारी




**बागमती ।** बागमती प्रदेशमा समस्याग्रस्त सहकारीको सङ्ख्या बढ्दै गएको छ । पछिल्लो पटक बागमती प्रदेश सरकारले थप तीनवटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ । योसँगै बागमती प्रदेशमा समस्याग्रस्त घोषणा हुने सहकारीको सङ्ख्या पाँच पुगेको छ । प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार राजन पोखरेलका अनुसार पछिल्लो पटक सुमेरु सेभिङ एन्ड क्रेडिट को–अपरेटिभ पुलचौक ललितपुर, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था काठमाडौं र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था काठमाडौंलाई समस्याग्रस्त घोषणा गरेको छ । वित्तीय दायित्व पूरा नगरेको, बचतकर्ताको बचत माग गर्दा फिर्ता नगरेको, बचत फिर्ता गर्ने कार्ययोजना बनाएर पनि कार्ययोजनाअनुसार काम नगरेको लगायत कारणले ती सहकारी संस्थाहरूलाई समस्याग्रस्त सहकारी घोषणा गरिएको रजिष्ट्रार पोखरेलले बताए । समस्याग्रस्त घोषणा गरिएकामध्ये लालीगुराँस बचत तथा ऋण सहकारी संस्था र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्थामा तालाबन्दी गरिएको रजिष्ट्रार पोखरेलको भनाइ छ । यसअघि प्रदेश सरकारले काठमाडौंको सिभिल सेभिङ एन्ड क्रेडिट को–अपरेटिभ र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो । दर्शन सहकारीलाई यही कात्तिक १२ गते र सिभिललाई गत २०८० साल भदौ २१ गते समस्याग्रस्त सहकारी घोषणा गरेको रजिष्ट्रार पोखरेलले बताए । बचत गरेको रकम फिर्ता नगरेको भन्दै बचतकर्ताहरूले प्रदेशभरिका एक सय ३७ भन्दा बढी सहकारी संस्थाविरुद्ध उजुरी दर्ता भएको र दर्ता भएका उजुरीमाथि छानबिन भइरहेको रजिष्ट्रार पोखरेलले बताए । उनका अनुसार तीमध्ये ८० वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही गर्न प्रहरी कार्यालयमा पत्राचार गरिएको छ । बचतकर्ताको रकम फिर्ता नगर्ने, समस्या समाधानका लागि पत्राचार गर्दा पनि सम्पर्क नआउने सहकारी संस्थाका सञ्चालकमाथि कारबाही अघि बढाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूमा पत्राचार गरिएको रजिष्ट्रार पोखरेलको कथन छ । उनका अनुसार कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचार गरिएका अधिकांश सहकारी संस्थाहरू उपत्यकाभित्रका तीन जिल्लाका छन् । 'बचत गरेको रकम फिर्ता नपाएको भन्दै पीडितहरूले दिएको निवेदनका आधारमा हामीले सम्बन्धित सहकारी संस्थाका सञ्चालकहरूलाई पत्राचार गर्‍यौं', रजिष्ट्रार पोखरेलले भने, 'तीमध्ये धेरै सहकारीका सञ्चालकहरू सम्पर्कमा आउने चाहेन, कतिपय सम्पर्कमा आए पनि रकम फिर्ता गर्न आलटाल गर्ने गरेको छ ।' त्यसैले कारबाहीका लागि सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरेका छौं, उनको भनाइ छ । रासस

# नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित



**काठमाडौं ।** मलेसियामा जारी आइसिसी यु–१९ महिला टी–ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित भएको छ । मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले प्रस्तुत गरेको ७४ रनको लक्ष्य स्कटल्यान्डले १८ दशमलव चार ओभरमा नौ विकेटको क्षतिमा पूरा गऱ्यो । स्कटल्यान्डका लागि पिपा स्प्रोलले ४७ बलमा तीन चौकाको सहयोगमा ३५ रन बनाइन् ।

त्यसैगरी, ग्याब्रियला फोन्टेन्लाले १२ रन जोडिन् । बलिङतर्फ नेपालकी सिमना केसी र रचना चौधरीले समान दुई–दुई विकेट लिए भने कप्तान पूजा महतो र कृष्णा गुरुङले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७३ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कप्तान पूजा महतोले ४३ बलमा तीन चौकाको सहयोगमा २७ रन जोडिन् । त्यसैगरी, सावित्री धामीले १० रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । स्कटल्यान्डका लागि मैसी म्याकिरा एक्लैले पाँच विकेट लिइन् भने अमी बलडाइ र नइमा शेखले समान दुई÷दुई विकेट लिए ।त्यस्तै, क्रिस्टी म्यायाकोलले एक विकेट झारिन् । प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो ।

यसअघि भएको पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको थियो । जितसँगै स्कटल्यान्डले सुपर सिक्समा पुग्ने सम्भावनालाई बलियो बनाएको छ । स्कटल्यान्ड पहिलो खेलमा अष्ट्रेलियासँग पराजित भएको थियो । रासस

# सन् २०२४ मा अर्बपतिहरूको सम्पत्ति वृद्धि

**स्विट्जरल्यान्ड ।** विश्वका केही राजनीतिक र वित्तीय अभिजात वर्गहरू स्विट्जरल्यान्डको डाभोसमा वार्षिक भेलाका लागि तयार हुँदा एक प्रमुख गरिबी विरोधी समूहले सोमबार अर्बपतिहरूको सम्पत्ति सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा तीन गुणा तीव्र गतिमा बढेको रिपोर्ट गरेको छ । विश्व आर्थिक मञ्चको बैठक शुरु हुने अवसरमा वैश्विक असमानताको आफ्नो नवीनतम मूल्याङ्कनमा अक्सफाम इन्टरनेसनलले आगामी दशकमा कम्तीमा पाँच खर्बपति देखापर्ने अनुमान गरेको छ । एक वर्षअघि समूहले त्यो समयमा एक मात्र खर्बपति देखापर्ने पूर्वानुमान गरेको थियो । अक्सफामको अनुसन्धानले निवर्तमान राष्ट्रपति जो बाइडेनले गत हप्ता दिनभएको 'धेरै अति–धनी व्यक्तिहरूको हातमा शक्तिको खतरनाक केन्द्रीकरण' को चेतावनीलाई थप बल दिएको छ । समूहको 'टेकर्स नट मेकर्स' शीर्षकको तीखो रिपोर्टले पनि सन् १९९० देखि गरिबीमा परेका मानिसहरूको सङ्ख्यामा मुस्किलले परिवर्तन भएको बताएको छ । विश्व आर्थिक मञ्चले डाभोसको अल्पाइन गाउँमा हुने वार्षिक बैठकमा व्यापारिक अधिकारी, शिक्षाविद्, सरकारी अधिकारी र नागरिक समूहका नेताहरूसहित करिब तीन हजार सहभागी हुने अपेक्षा गरेको छ ।

– चिन्ताको विषय के हो ? ... 'नयाँ कुलीनतन्त्र' ?

आफ्नो पहिलो कार्यकालमा दुई पटक डाभोसको भ्रमण गरेका र सोमबार पदको शपथ लिने तयारी गरेका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार भिडियोमार्फत मञ्चको कार्यक्रममा भाग लिने अपेक्षा गरिएको छ । उनले आफ्नोसहित लामो समयदेखि सम्पत्ति सञ्चयको वकालत गर्दै आएका छन् र अर्बपति एलन मस्कलाई प्रमुख सल्लाहकारको रूपमा गणना गरेका छन् । 'तपाईंले अहिले के देखुभएको छ भने आज एक अर्बपति राष्ट्रपतिले सबैभन्दा धनी व्यक्तिको समर्थनमा शपथ लिइरहेका छन् । त्यसैले यो विश्वव्यापी कुलीन वर्गको मुकुटको गहना हो', अक्सफाम इन्टरनेसनलका कार्यकारी निर्देशक अमिताभ बेहरले ट्रम्प र मस्कलाई उल्लेख गर्दै एक अन्तर्वार्तामा भने, 'यो एक विशेष व्यक्तिको बारेमा होइन । यो हामीले सिर्जना गरेको आर्थिक प्रणाली हो जहाँ अर्बपतिहरू अहिले आर्थिक नीतिहरू, सामाजिक नीतिहरूलाई आकार दिन सक्षम छन्, जसले अन्ततः उनीहरूलाई बढीभन्दा बढी नाफा दिन्छ ।' बाइडेनको अमेरिकी कर संहितामार्फत अर्बपतिहरूलाई 'उनीहरूको उचित हिस्सा तिर्न सुरु गर्न' को आह्वान जस्तै वैश्विक वकालत समूह अक्सफामले असमानता र अत्यधिक सम्पत्ति घटाउन सबैभन्दा धनीमाथि कर लगाउन र 'नयाँ कुलीनतन्त्र विघटन गर्न' सरकारहरूलाई आह्वान गरेको छ । समूहले एकाधिकार तोड्ने, सिइओको तलब सीमित गर्ने र कर्पोरेसनहरूलाई कामदारहरूलाई 'जीवनयापन ज्याला' तिर्ने सुनिश्चित गर्न नियमन गर्ने जस्ता कदमहरूको आह्वान गरेको छ ।

– सबैभन्दा गरिबहरूको अवस्था कस्तो छ ?

शीर्ष टेक कम्पनीहरू र एस एन्ड पी ५०० जस्ता स्टक–मार्केट सूचकाङ्कहरूका साथै सुनको मूल्य र बिटक्वाइन जस्ता क्रिप्टोकरन्सीहरूको लागि बलियो प्रदर्शनका कारण धेरै लगानीकर्ताहरूले २०२४ मा बलियो लाभ उठाए । गत वर्ष अर्बपतिको सम्पत्ति दुई खर्ब डलरले बढेको अक्सफामले जनाएको छ । यो सन् २०२३ को तुलनामा तीन गुणा बढी हो र दैनिक पाँच अर्ब ७० करोड डलर हो । अर्बपतिहरूको सङ्ख्या २०४ ले बढेर दुई हजार ७६९ पुगेको छ र १० धनी व्यक्तिहरूको सम्पत्ति औसतमा एक दिनमा लगभग १० करोड डलर बढेको छ । विश्व बैंकको तथ्याङ्कलाई उद्धृत गर्दै उक्त समूहले सन् १९९० देखि दैनिक छ दशमलव ८५ डलरभन्दा कम आयमा जीवनयापन गर्ने मानिसहरूको सङ्ख्यामा 'मुस्किलले परिवर्तन' भएको भन्दै लामो समयसम्म चलेको गरिबीलाई औँल्याएको छ । अक्सफामले अति–धनीहरूको तथ्याङ्कका लागि नोभेम्बरको अन्त्यसम्मको फोर्ब्सको 'रियल–टाइम बिलियनेयर लिस्ट' प्रयोग गरेको छ । यसको विपरीत सन् २०२४ मा प्रत्येक हप्ता कम्तीमा चार नयाँ अर्बपति 'टकमरी (अत्यन्त धनी)' भएका थिए र अर्बपति सम्पत्तिको तीन–पाँचौं भाग उत्तराधिकार, एकाधिकार शक्ति वा 'क्रोनी कनेक्सन' बाट आउँछ । औसतमा अक्सफामले कम र मध्यम आय भएका देशहरूले आफ्नो राष्ट्रिय बजेटको लगभग आधा ऋण भुक्तानीमा खर्च गरिरहेको बताएको छ । साथै समूहले युरोपमा ७९ वर्ष भन्दा बढीको तुलनामा अफ्रिकामा आयु ६४ वर्ष भन्दा कम रहेको बताएकोछ ।

– के यो वर्ष डाभोसमा फेरि सामान्य जस्तै व्यापार हुनेछ ?

केही पश्चिमी देशहरूमा बलियो नेताहरूको उदय भइरहेको र व्यवसाय जगतमा विविधता र जलवायु परिवर्तन जस्ता प्रगतिशील मुद्दाहरू कमजोर हुँदै गएको अवस्थामा अति धनी र गरिबबीचको बढ्दो खाडलका बावजुद मङ्गलबारदेखि औपचारिक रूपमा सुरु हुने वार्षिक डाभोस सम्मेलनले यस वर्ष पनि पैसा कमाउने र सम्झौता गर्नेमा ध्यान केन्द्रित गर्ने सम्भावना छ । धेरै क्षेत्रमा एआईले धेरै सेतो–कलर रोजगारहरू बढाउन सक्छ र उद्योगहरूको शृङ्खलामा कामदारहरूलाई विस्थापित गर्न सक्छ भन्ने चिन्ताका बाबजुद अधिक दक्षता प्राप्त गर्न व्यवसायका लागि उपकरणका रूपमा कृत्रिम बुद्धिमत्ताको निरन्तर वृद्धि पनि डाभोसमा फेरि एउटा केन्द्रीय विषय हुनेछ । दोस्रो कार्यकालका लागि ट्रम्पको पुनरागमन सम्भवतः डाभोसमा धेरै मुखहरूमा हुनेछ । साथै युक्रेन र सुडानमा युद्ध लगायत जारी द्वन्द्वहरू र गाजामा उनीहरूको विनाशकारी १५ महिने युद्धलाई रोक्दै आइतबार हमास र इजरायलबीच सुरु भएको युद्धविरामको निरन्तरताको आशाहरू पनि चर्चामा हुनेछन् । मञ्चका आयोजकहरूले गत हप्ता नौ सय विशेषज्ञबीच गरिएको 'ग्लोबल रिस्क्स रिपोर्ट' को सर्वेक्षण जारी गरेका थिए । रिपोर्टमा देशहरूबीचको द्वन्द्व सबैभन्दा ठूलो चिन्ताको विषय रहेको, त्यसपछि चरम मौसम, आर्थिक टकराव, गलत सूचना र दुष्प्रचार र 'सामाजिक ध्रुवीकरण' – धनी र गरिबबीचको खाडलको सङ्केत रहेको पाइएको थियो । विगतका वर्षहरूमा जस्तै बढी आर्थिक समानता, धनीहरूमाथि कर र अन्य मागहरूका लागि आह्वान गर्दै प्रदर्शनकारीहरू सडकमा उलिए । केहीले डाभोसको सडकहरू अवरुद्ध गरे, केही ठाउँमा ट्राफिक अवरोध गरे र शुक्रबारसम्म चल्ने कार्यक्रममा केही सहभागीहरूको यात्रामा ढिलाइ गराए । रासस

# पर्यटन प्रवर्द्धनका लागि नेपाल–इन्डोनेसिया सांस्कृतिक आदानप्रदान





**काठमाडौँ।**
मुलुकको पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले नेपाल–इन्डोनेसिया सांस्कृतिक आदानप्रदान कार्यक्रम आयोजना गरिएको छ।

पर्यटन व्यवसायी मिङ्गादोर्जे शेर्पाको अग्रसरतामा द लास्ट फ्रन्टायर्स ट्रेकिङ कम्पनीको आयोजना तथा नेपाल पर्यटन बोर्ड र एएमएस म्युजिक एन्ड इन्टरटेनमेन्ट प्रालिको सहकार्यमा आइतबार राति यहाँ आयोजित कार्यक्रममा नेपाल र इन्डोनेसियाका कलाकारहरुले सांस्कृतिक प्रस्तुति दिए । कार्यक्रमका लागि इन्डोनेसियाको जेन्ट्रा लेस्तारी बुदाया फाउन्डेसनको १३ जनाको टोली केही दिनअघि यहाँ आइपुगेको थियो । आयोजक कम्पनीका संस्थापक तथा प्रबन्ध निर्देशक मिङ्गादोर्जे शेर्पाले कार्यक्रमले दुई देशबीच संस्कृति आदानप्रदान हुनाका साथै पर्यटन क्षेत्रको विकासमा सहयोग पुग्ने बताए । ‘यस सांस्कृतिक आदानप्रदान कार्यक्रमले एकअर्काको मुलुकको संस्कृति जान्ने मौका प्रदान गरेको छ, आगामी दिनमा हामी दुवै देशको पर्यटन क्षेत्रमा पनि सहकार्य गर्न सक्छौँ’, उनले भने, ‘इन्डोनेसियामा रहेका २० लाखभन्दा बढी बौद्ध धर्मावलम्बीलाई हामी नेपाल ल्याउन सक्छौँ।’ त्यस अवसरमा जेन्ट्रा लेस्तारी बुदाया फाउन्डेसनका प्रमुख सदस्य तथा गायिका रत्ना देवी कार्तिकाले इन्डोनेसियाको लोकगीतका साथै केही पप गीत गाए। ‘जेन्ट्रा लेस्तारी बुदाया फाउन्डेसनमा इन्डोनेसियाका ३८ प्रान्तमा १० हजारभन्दा बढी सदस्य आबद्ध छन्, यसको मुख्य उद्देश्य इन्डोनेसियाको कला र संस्कृति प्रवद्र्धन हो’, गायिका कार्तिकाले भनिन्, ‘कला, संस्कृति र दुई देशको पर्यटन प्रवद्र्धनका लागि नेपाल आउन पाउँदा निकै खुसी लागेको छ।’

कार्यक्रममा इन्डोनेसियाका तर्फबाट लातिस्या चान्जी बार्डेल स्टेयाज, सयिफा नुरुल अज्जुरा र डिजिक्रा औरेलिया देत्रियानीलगायतले नेतृत्व प्रस्तुत गरेका थिए । नेपालका तर्फबाट कलाकारहरु देविका बन्दना, राजेश महर्जन, खुसी कुलुङ राईलगायतले गीत प्रस्तुत गरे भने नृत्यकार कमल राईको समूहले विभिन्न लोकभाकामा नृत्य प्रस्तुत गरेको थियो । त्यस अवसरमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशी, भारतीय ज्योतिष एट्लान्टा कश्यपका साथै पर्यटनकर्मी तथा कलाकारहरुको उपस्थिति थियो। रासस

# पर्यटन प्रवर्द्धनका लागि हिले–जलजलेमा ‘पर्यटकीय ताल’



**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका–२ स्थित हिले जलजले सामुदायिक वनमा ‘पर्यटकीय ताल’ निर्माण गरिएको छ। वन क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले बागमती प्रदेशको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयद्वारा विसं २०७९ मङ्सिरमा ताल निर्माण शुरु गरिएको थियो ।

काभ्रेपलाञ्चोक र भक्तपुरको सीमास्थलस्थित पर्यटकीय क्षेत्र नगरकोट पुग्ने पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले हिले जलजले सामुदायिक ‘ख’ वनमा शून्य दशमलव ४९ हेक्टर क्षेत्रफलमा ताल निर्माण गरिएको हो । निर्माण कम्पनी विजय–लोटस–तेजस्वी जेभीका गणेश मोक्तानका अनुसार ओखरे र थुम्की खोला मिसिएर बग्ने स्युरो खोलामा यस तालको बाँध निर्माण गरिएको छ । तालको भौतिक पूर्वाधार निर्माण सकेर ताल वरपर पर्खाल निर्माण गरी पानी जम्मा गरिएको छ ।

ताल निर्माणका लागि निर्माण कम्पनीसँग पाँच करोड ८९ लाख ५१ हजारमा ठेक्का सम्झौता भएको थियो । तालसहितका अन्य संरचना निर्माण गर्न १६ करोड ९४ लाख ५० हजार लाग्ने अनुमान गरिएको छ। निर्माणाधीन पर्यटकीय ताल आठ मिटर अग्लो, ११ मिटर चौडाइ र एक सय ८२ मिटर लम्बाइको छ । हाल सम्झौताअनुसार पहिलो चरणको निर्माण सकिएको हो । बागमती प्रदेशस्थित पर्यटन मन्त्रालयले उक्त वनमा बहुउद्देश्यीय ताल निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेको थियो । डिपीआरमा तालमा डुङ्गा सञ्चालन तथा ताल आसपासका क्षेत्रमा मनोरञ्जन पार्क, पर्खाल, उद्यानका साथै प्राकृतिक सौन्दर्यीकरण सजावटका काम हुने जनाइएको छ।

यस्तै, तालमा परिसरमा चराचुरुङ्गी र वन्यजन्तुको संरक्षण गर्ने गरी तालको संरक्षण गर्ने योजना बनाइने छ । ताल क्षेत्र वरपरका रुखमा ‘ट्रि हाउस, ट्रि सेन्टर’ निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकको बसाई लम्याउने संरचना निर्माण गर्न सकिने जनाइएको छ ।

प्रदेश सरकारले प्राथमिकतामा राखेको उक्त ताल निर्माणपछि दोस्रो चरणमा पार्किङ, होटल तथा पसल सञ्चालनका लागि संरचना, टिकट घरलगायतका अन्य पूर्वाधार निर्माण गरिने गुरुयोजनामा उल्लेख छ। ताल निर्माणपछि सङ्घीय राजधानी काठमाडौँको नजिकको एक पर्यटकीय गन्तव्य तथा धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले स्थानीयको आर्थिक समृद्धिसँग जोड्ने अपेक्षा गरिएको छ।

जिल्लाको उत्तरी पहाडी क्षेत्रमा अवस्थित वनको प्राकृतिक सौन्दर्यलाई कायमै राखी ताल निर्माणका लागि स्थानीय तहलाई तत्कालीन अवस्थामा गुरुयोजना तयार गर्न लगाएको थियो । हाल बहुउद्देश्यीय परियोजनाका रुपमा सञ्चालन हुने उक्त योजनालाई क्रमागतरुपमा लगिएको काभ्रेपलाञ्चोकका सांसद गोकुल बाँस्कोटाले बताए । उनका अनुसार बनेपाको वासुकी क्षेत्र र हिले–जलजलेलाई पर्यटकीय तथा समृद्धिको आधारको प्रमुख गन्तव्य बनाउन संरचना निर्माण गर्न लागिएको हो ।

सानो पोखरीमा अवस्थित हिले–जलजलेको धार्मिक तथा सांस्कृतिक रुपले पनि महत्वपूर्ण छ । नगरकोटस्थित महादेव पोखरी र हिले जलजले क्षेत्रमा ‘हलाहल विष पिएर आएका महादेव’ चोपलिएको किंवदन्ती छ । यस्तै वासुकी नाग हिले–जलजले क्षेत्रबाट पनौतीको मकर मेलाका लागि जाने विश्वास छ । हरेक वर्ष घुम पूर्णिमा (ज्याःपुन्ही)को दिन पनौतीमा लाग्ने जात्रामा हिले–जलजले क्षेत्रबाट वासुकी नाग जाने क्रममा पानी पर्ने र हावाहुरी चल्छ भन्ने मान्यता छ ।

वासुकी नाग जाँदा हावाहुरीबाट लडेको मकै तथा अन्य खाद्यबाली नाग फर्कंदा पहिलाकै अवस्थामा आउने किंवदन्ती पनि रहेको पाइन्छ । वासुकी नागले पनौतीको भ्रमणका क्रममा पूजाअर्चना गर्दा ‘मागेको पुग्ने’ विश्वास गर्दै आइएको छ । रासस

# गुरुङ सम्पदाको प्रवर्द्धनका लागि पदमार्ग निर्माण



**गण्डकी।**
कास्कीको मादी गाउँपालिका–२ मा रहेको पर्यटकीयस्थल कर्पुडाँडादेखि लमजुङको क्व्होलासोथार जोड्ने पदमार्गको निर्माण अघि बढाइएको छ । एक हजार दुई वर्षअघि गुरुङ समुदायको बसोबास रहेको उक्त समुदायका व्यक्तिहरू त्यहाँबाट बसाई सरेको इतिहास रहेको उल्लेख गर्दै क्व्होलासोथारलाई केन्द्रित गरी पदमार्ग निर्माण सुरु गरिएको हो। गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गका रुपमा पहिचान गरिएको उक्त मार्गअन्तर्गत कर्पुडाँडाबाट तोरोडाँडा खण्डमा पदमार्ग निर्माण गरिसकिएको मादी गाउँपालिका वडा नं २ का पूर्वअध्यक्ष एकजङ्ग गुरुङले जानकारी दिए। उनका अनुसार गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको ३० लाख रुपैयाँबाट उपभोक्ता समितिमार्फत उक्त पदमार्ग निर्माण गरिएको हो । यस खण्डमा रहेको अप्ठ्यारो र उकालो स्थानमा ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाइएको छ भने केही ठाउँमा माटो काटेर हिँड्न सहज बनाइएको छ। यस खण्डको तीन हजार दुई सय २० मिटर दूरीको पदमार्गलाई व्यवस्थित गरिसकिएको जानकारी दिँदै उहाँले यस मार्गको गण्डकी प्रदेश सरकारले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको बताए । ‘डिपिआरअनुसार कर्पुडाँडाबाट क्व्होलासोथार पुग्नका लागि २० किलोमिटरभन्दा बढी पदमार्ग निर्माण गर्नुपर्ने छ’, उनले भने, ‘गुरुङ समुदायको प्राचीन थलोको ऐतिहासिकतालाई यस पदमार्गले पर्यटनसँग जोड्नेछ ।’ परापूर्वकालमा कास्की र लमजुङका बासिन्दा मनाङ आवतजावत गर्न तथा पशुगोठ लिएर लेकबेँसी गर्न प्रयोग गरेको यो मार्ग पछिल्लो समय प्रयोग नहुँदा झाडी र जङ्गलमा परिणत भएको थियो। उनले यही बाटोलाई थप स्तरोन्नति गर्दै पदमार्गका रुपमा विकास गर्न खोजिएको बताए। बस्तीदेखि टाढाको जङ्गलमा रहेको यहाँको पदमार्ग निर्माणका लागि ताङतिङका बासिन्दा करिब दुई महिना जङ्गलमै बसेर काम गरेका थिए। समुद्री सतहदेखि दुई हजार नौ सय मिटर उचाइमा अवस्थित कर्पुडाँडा हिमशृङ्खला अवलोकन र हिउँ खेल्नका लागि कास्कीको नयाँ पर्यटकीय गन्तव्य हो। गुराँसे जङ्गल, रङ्गीवीरङ्गी फूल, चराचुरुङ्गीको आवाजसँगै हिमालको दूश्यावलोकन गर्दै पदयात्रा गर्न पाउनु यहाँको विशिष्टता हो। यहाँबाट सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यको साथै मनास्लु हिमाल, अन्नपूर्ण–२, अन्नपूर्ण–४, अन्नपूर्ण–३ , माछापुच्छे«, मर्दी हिमाल, अन्नपूर्ण साउथ, बुद्ध, मनास्लु, हर्क गुरुङ चुलीको सुन्दर दृश्यले रोमाञ्चक बनाउँछ । कर्पुडाँडादेखि नौ घण्टा पैदलयात्रामा पुगिने क्व्होलासोथार जाने पदमार्ग भएर लमजुङको पसगाउँ, सिङ्दी, घलेगाउँ, घनपोखरा, कास्कीको कोरीडाँडा र मनाङ पनि पुग्न सकिन्छ । पदमार्ग निर्माण भएसँगै स्थानीयवासी, पशुगोठ लिएर लेकबेँसी गर्ने गोठाला र पदयात्री पर्यटकलाई सहज हुने उनको भनाइ छ । गुराँसे जङ्गलको बीचमा रहेको पदमार्गबाट गुरुङ समुदायका पुराना बस्ती, पशुगोठ, तालतलैया र हिमाल हेर्दै हिँड्न पाइन्छ। आगामी दिनमा तोरोडाँडादेखि तप्रा हुँदै क्व्होलासोथारतर्फ जोड्ने थप पदमार्ग निर्माण, मोबाइल फोन सेवा विस्तार र खानेपानीको सुविधाका लागि पहल गरिएको गुरुङले बताए। गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गका रुपमा पहिचान गरी यसको प्रवद्र्धन र विकासमा जुटेको सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले बताए।

‘हामीले यस पदमार्गको पहिचानसँगै प्रवद्र्धनका कार्यक्रम अघि बढाएका छौँ’, उनले भने, ‘गत पुसको दोस्रो साता सङ्घले गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र मादी गाउँपालिकासँगको सहकार्यमा पहिलो चरणमा उक्त पदमार्गको प्रवद्र्धनात्मक पदयात्रा सम्पन्न गरिसकिएको छ ।’ प्रवद्र्धनात्मक पदयात्राका क्रममा देखिएका यहाँका आवश्यकता, चुनौतीसँगै तत्कालै गर्नुपर्ने पूर्वाधार विकासका कामलाई अभिलेखीकरण गरी त्यसको समाधानका लागि सम्बन्धित निकायमा पहल गरिने उनले बताए। क्व्होलासोथारबाटै नेपाल र विश्वका विभिन्न ठाउँमा गुरुङ समूदाय फैलिएको बताउँदै उनले यस समुदायको इतिहास, वर्तमान र भविष्यलाई जोडेर गुरुङ सम्पदा पदमार्गको परिकल्पना गरिएको उनको भनाइ छ । क्व्होलासोथारमा पुराना गोलघर, दरबार, घट्ट, घोडा बाध्ने तबेला, भग्नावशेष छन्। पुरातत्व विभागले हालै गरेको उत्खननका क्रममा पौराणिक महत्वका सामग्रीहरू पनि भेटिएका थिए। अहिले यहाँ बस्ती छैन । पाहुनाको सहजताका लागि तीन वटा आश्रयस्थल बनाइएको छ।

गुरुङ जातिको मुख्य पुर्ख्यौली थलो क्व्होलासोथारसँगै प्राचीन पशुगोठ र नुन लिन जाने मार्गलाई गुरुङ सम्पदा पदमार्गका रुपमा विकास गर्ने लक्ष्य राखिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले बताइन् । ‘हामी गुरुङ समुदायको प्राचीन इतिहास र संस्कृतिसँगै यहाँको प्रकृतिलाई गुरुङ सम्पदा पदमार्गमार्फत पर्यटकीय रुपमा जोड्ने अभियानमा लागेका छौँ’, उनले भने, ‘विभिन्न पदमार्ग छोटिँदै गएका अवस्थामा यो मार्ग महत्वपूर्ण विकल्प बन्न सक्ने हाम्रो विश्वास छ।’ रासस

# अन्तर्राष्ट्रिय पर्यटन मेलामा भाग लिन नाट्टाको टोली स्पेनमा

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय पर्यटन मेलामा भाग लिन नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)को टोली स्पेन प्रस्थान गरेको छ ।

नेपाल पर्यटन बोर्डको सहकार्यमा स्पेनको म्याड्रिडमा जनवरी २२ देखि २६ सम्म हुन लागेको अन्तर्राष्ट्रिय ट्राभल ट्रेड फेयर (फितुर)मा भाग लिन नाट्टाका अध्यक्ष कुमारमणि थपलिया नेतृत्वको उक्त टोली सोमबार स्पेन प्रस्थान गरेको हो । मेलामा नेपालका २५ भन्दा बढी ट्राभल, ट्रेकिङ र होटल व्यवसायबाट ५० भन्दा बढी प्रतिनिधि सहभागी हुने नाट्टाका सहकोषाध्यक्ष एवं कार्यक्रमका संयोजक ढकनाथ काफ्लेले जानकारी दिए ।

नाट्टाका अध्यक्ष थपलियाले नेपालको पर्यटन क्षेत्रलाई विश्वभर चिनाउनका लागि यस्ता मेलामार्फत सहयोग पुग्ने बताए । नेपालमा पर्यटन क्षेत्रको दिगो विकासका लागि यस्ता कार्यक्रममा निरन्तर सहभागिता आवश्यक रहेको उनको भनाइ थियो । स्पेनमा हुन लागेको उक्त अन्तर्राष्ट्रिय मेलामा विश्वभरका एक लाखभन्दा बढी पर्यटकीय उद्योग, व्यवसायी, प्रतिनिधि र व्यवसाय साझेदारहरुको उपस्थिति रहने नाट्टाले जनाएको छ । नेपालका आकर्षक गन्तव्य तथा पर्यटकीय स्रोतलाई विश्वव्यापी बनाउँदै आर्थिक गतिविधिलाई बलियो बनाउन यस्ता मेला महत्वपूर्ण भएको अध्यक्ष थपलियाले बताए । रासस



मोबाइलबाटै
मधेशदृष्टि
पढ्नका लागि
स्क्यान गर्नुहोस्

# गढीमाई मन्दिर तोडफोड गर्नेलाई कारबाही गर्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय समता पार्टी नेपालले बाराको गढीमाई मन्दिर तोडफोड गर्नेलाई तत्काल कारबाहीको माग गर्दै गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराएको छ । पार्टीका राष्ट्रिय अध्यक्ष विजयप्रकाश निषादको नेतृत्वमा पार्टीका महासचिव अभिषेक तिवारी तथा केन्द्रीय कार्यकारिणी समिति सदस्य छत्रबहादुर श्रेष्ठसहितको टोलीले सोमबार गृहमन्त्री लेखकलाई भेटी मन्दिर तोडफोड गर्नेलाई यथाशीघ्र पहिचान गरी कडा कानुनी कारबाही गर्नुपर्ने माग गरेको हो । शुक्रबार बिहान पुनः सुनियोजित तवरले केही अराजक जत्थाले गढीमाई मन्दिर परिसरभित्र छिरी त्यहाँ रहेको दानपेटिका तोडफोड गरी चरम उद्दण्डता गरेको दृश्यहरू सिसी टिभी फुटेजमा सहजै देखिएको उनीहरुलाई पक्राउ गरी कडा कानुनी कारवाही गर्न ज्ञापनपत्रमार्फत माग गरिएको छ ।

# नेता कोइराला र पर्साका कांग्रेस नेताबीच भेटघाट

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्साका नेता अजय दुवेद्वीको नेतृत्वमा काठमाडौँ गएको टोलीले कांग्रेसका नेता शेखर कोइराला र महामन्त्री गगनकुमार थापासँग भेटघाट गरेको छ । भेटघाटमा २०८२ मा हुने पार्टीको महाधिवेशन र पर्सा जिल्ला पार्टीमा सुदृढिकरण लगायत समसमायिक विषयमा कुराकानी भएको वीरगंज महानगर अध्यक्ष मणिन्द्रलाल नेपालीले बताए । भेटघाटमा नेता नेपाली, प्रदेश सभा सदस्य श्याम पटेल, अरबिन्द गुप्ता, भोला कलवार, विजय सर्राफ, मनोजा चौधरी लगायतको उपस्थिति रहेको थियो ।

# तत्कालीन सचिवविरूद्ध भ्रष्टाचार मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बाराको साविक आदर्श गाविस (हाल जीतपुरसिमरा उपमहानगरपालिका) का तत्कालीन सचिव आस महमद अन्सारीविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।
अन्सारीले ३८ लाख ३० हजार ५०० रुपैयाँ बराबर आर्थिक हिनामिना गरेको पाइएकाले मुद्दा दायर गरेको अख्तियारका केन्द्रीय प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । प्रवक्ता घिमिरेका अनुसार उनले साविक साविकको आदर्श गा.वि.स. भवानीपुर जीतपुर (हाल जीतपुरसिमरा उपमहानगरपालिका) को स्वामित्वमा रहेको गुदरी बजार र मिना बजारका सटरहरु उपभोक्तालाई भाडामा लगाउँदा अपनाएको विधि पारदर्शी नभएको अख्तियारको आरोप छ । यस्तै सटरहरुबाट उपलब्ध भएको धरौटी वापतको रकमसँग सम्बन्धित कागजातहरु लुकाई बरबुझारथ समेत नगरेको र १२१ जना उपभोक्ताहरुबाट लिएको आर्थिक वर्ष २०६४÷६५ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको धरौटी वापतको ३८ लाख ३० हजार ५०० रुपैयाँ नबुझाएको अख्तियारको आरोप छ ।

# मधेशमा माछा र दूधको उत्पादन बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ४५ हजार पाँच सय ७१ मेट्रिक टन माछा उत्पादन भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मधेश प्रदेशका आठ जिल्लामा माछाको उत्पादन पाँच दशमलव ०४ प्रतिशतले वृद्धि भएको हो । राष्ट्र बैंकका अनुसार आव २०७९र८० मा मधेश प्रदेशमा माछाको उत्पादन ४३ हजार तीन सय ८६ मेट्रिक टन रहेको थियो ।



मधेश प्रदेशमा भएको कूल माछा उत्पादनमा बारा जिल्लाको हिस्सा सबैभन्दा धेरै अर्थात २२ दशमलव ४३ प्रतिशत रहेको छ । पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम सात दशमलव ९९ प्रतिशत रहेको छ । पर्साको पकहाँमैनपुर गाउँपालिकामा व्यावसायिक ढङ्गले दिपेन्द्र माछापालन उद्योग सञ्चालन गर्दै आएका दीनानाथ साहले माछा उत्पादनमा वृद्धि भए पनि माछाको उचित बजार मूल्य नपाएको गुनासो गर्नुहुन्छ । ‘विगतमा भारतबाटै माछाको आयात धेरै हुने गथ्र्यो । अहिले कम्तीमा पनि यहाँ माछाको उत्पादन बढिरहेको छ’, उनले भने, ‘माछाको भुरा र माछापालन सम्बन्धित प्राविधिक ज्ञानको अभाव भने खड्किरहेको छ ।’
राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमासमेत वृद्धि भएको देखाएको छ । आव २०८०र८१ म मधेश प्रदेशमा दूधको उत्पादन एक दशमलव ९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार एक सय २३ लिटर पुगेको छ । मधेश प्रदेशका आठ जिल्लामध्ये दूध उत्पादनको सबैभन्दा ठूलो हिस्सा भने सिरहा जिल्ला रहेको छ । सो जिल्लाको हिस्सा २० दशमलव ४४ प्रतिशत रहेको छ, भने सप्तरी जिल्लाको हिस्सा सबैभन्दा कम सात दशमलव ८३ प्रतिशत रहेको
छ । त्यस्तै मधेश प्रदेशमा मासुको उत्पादन दुई दशमलव ९८ प्रतिशतले वृद्धि भई एक लाख ४३ हजार ६ सय ७० मेट्रिक टन पुगेको छ । मधेश प्रदेशमा अण्डाको उत्पादन पनि बढेको देखिन्छ । आव २०७९/८० को तुलनामा मधेश प्रदेशमा अण्डाको उत्पादन पनि दुई दशमलव ७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा उत्पादन भएको छ ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

धनौजी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा, मधेश प्रदेश, नेपाल


# बलान–बिहुलका विद्यालयमा मैथिली भाषाको पाठ्यक्रम

**मधेशदृष्टि**
**गोलबजार ।**
सप्तरीको बलान–बिहुल गाउँपालिकाले मातहतका विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने भएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यवस्थाअनुसार अगामी शैक्षिक सत्रदेखि गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गर्ने तयारी गरेको हो ।
स्थानीय ज्ञान, सीप, प्रविधि, चाडपर्व संस्कृति र शान्तिको सन्देश भावी पुस्तालाई हस्तान्तरण गर्नमा सघाउ पु¥याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गाउँपालिका जुटको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले बताए । आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठयक्रम मैथिली भाषामा निर्माण गरी लागू गर्ने योजना बनाइएको छ । अगामी शैक्षिक सत्रमा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम निर्माण गरिने गाउँपालिकाको शिक्षा शाखाका प्रमुख दिनेशकुमार मण्डलले बताए । उनले भने, ‘पाठ्यक्रमको खाका (ड्राफ्ट) तयार गर्नका लागि नगरपालिकाका विद्यालयका प्रधानाध्याकहरूको विज्ञ समिति गठन गरी कार्य अगाडि बढाउने गाउँपालिकास्तरीय शिक्षा समितिले निर्णय गरेको बताउनुभयो ।’
शिक्षा शाखा प्रमुख मण्डलका अनुसार पाठ्यक्रमको खाका तयार भएपछि नगर क्षेत्रका शिक्षा क्षेत्रसम्बद्ध व्यक्तिसँग छलफल र परामर्श लिई खाकालाई अन्तिमरूप दिई पाठ्यक्रमका रूपमा लागू गरिने बताए । आगामी शैक्षिक सत्रमा कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू पर्ने उनको भनाइ छ । स्थानीय मातृभाषा मैथिलीमा स्थानीयका विषयवस्तु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, मौलिक चाडपर्व सांस्कृतिक पक्ष, आर्थिक आधार, कृषि विविधता, नदी, पोखरी ताल, खनिज पदार्थ, जलवायु परिवर्तन, विपद्, योग, खेलकुद, असल सामाजिक कार्यक्रम, स्थानीय पेसा व्यवसायलाई पाठ्यक्रममा समावेश हुने भएपछि सानो कक्षाका विद्यार्थीमा सिकाइ सहजता हुने कलासंस्कृतिको संरक्षण हुने जनता माध्यमिक विद्यालय रामनगर कोदरकट्टीका प्रधानाध्यापक देवप्रसाद यादवले बताए । कक्षा १ देखि ३ सम्म पढाइने स्थानीय पाठ्यक्रम १०० पूर्णाङ्कको हुनेछ । स्थानीय पाठ्यक्रम निर्माणमा इन्टरनेसनल अलर्टको आर्थिकको सहयोगमा समग्र जनउत्थान केन्द्र लहान सिरहाद्वारा सञ्चालित ‘महिला र सीमान्तकृत समूहलाई लैङ्गिक न्यायको सुदृढीकरण’ परियोजनाले प्राविधिक सहयोग गर्ने परियोजना व्यवस्थापक रामकृपाल साहले बताए ।

# सिडिओविरुद्ध पचरौता नगरपालिका आन्दोलित

**मधेशदृष्टि**
**वीरगंज ।**
सुरक्षा दिन अस्विकार गरको भन्दै बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीविरुद्ध पचरौता नगरपालिकाले सम्पूर्ण कामकाज बन्द गरेको छ । आइतबार कलैयामा पत्रकार सम्मेलन गरी घोषणा गरिएको कार्यक्रमअनुसार सोमबारदेखि चरणबद्ध आन्दोलन शुरु गरिएको पालिका प्रवक्ता लक्ष्मी यादवले जानकारी दिए । पचरौता नगरपालिकामा भईरहेको विकास निर्माण कार्यहरू अवरोध हुँदा प्रजिअसँग सुरक्षा माग गर्दा



मौखिक रुपमा सुरक्षा दिन अस्विकार गरेको यादवले बताए । विकास निर्माणको कार्यमा असहयोग गरेका कारण पचरौता नगरपालिका कार्यालय, वडा न १ देखि ९ सम्मका सबै वडा कार्यालय तथा विद्यालयहरु लगायत पालिका अन्तर्गत पर्ने सम्पूर्ण निकायको कामकाज कार्य बन्द गरी आन्दोलन शुरु गरेको उनको भनाई छ ।
नगरपालिकाको वडा नं ७ बेनौलीमा सडक ढलान तथा नाला निर्माण कार्यको लागि जग्गा÷जमिन छुट्याई उक्त सडक तथा सार्वजनिक जग्गामा घर टहरा हटाउन पटकपटक सुचना निकाल्दा पनि केही व्यक्तिहरूले अटेरी गरेको र घर टहरा नहटाएपछि निर्माण कार्य ठप्प भएको छ ।

# बहादुरपुरलाई कटहरिया टी– १० को उपाधि



**मधेशदृष्टि**
**रौतहट ।**
कटहरियामा टी–१० को उपाधि बहादुरपुर टिमले जितको छ । सोमबार सम्पन्न प्रतियोगिताको फाइनल खेलमा बहादुरपुरले हर्षाहा टिमलाई पराजित गर्दै उपाधि जित्न सफल भएको हो । फाइनल खेल सुपर ओभरमा पुगेर सम्पन्न भएको छ । सुपर ओभरमा पुगेको खेलमा बहादुरपुरले रोमाञ्चक जित हात पारेको हो ।
कटहरिया क्रिकेट ग्राउण्डमा टस जितेर बहादुरपुरले बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको हर्षाहाले निर्धारित १० ओभरमा ७ विकेट गुमाउँदै ७० रन बनायो । जवाफी ब्याटिङ गरेको बहादुरपुरले निर्धारित ओभरमा ७० रन नै बनाएपछि खेल ‘टाई’ भएको थियो । सुपर ओभरमा गएको खेलमा बहादुरपुरले एक ओभरमा १ विकेटको क्षतिमा ८ रन बनाउन सक्यो । ९ रनको लक्ष्य पुरा गर्न ब्याटिङमा आएको हर्षाहाले एक रन पनि नजोडि दुई विकेट गुमाएसँगै बहादुरपुरले उपाधि सफल भयो ।
फाइनलको सुपर ओभरमा दुई विकेट लिएका मासुम प्लेयर अफ दी म्याच भए भने प्रतियोगितामा १३ विकेट लिएका असलम खान बेस्ट बलर घोषित भए । उपाधि विजेता बहादुरपुरले नगद २० हजार, प्रमाणपत्र र ट्रफि प्राप्त गर्यो भने उपविजेता टिम हर्षाहाले नगद १० हजार, प्रमाणपत्र र ट्रफि प्राप्त गर्यो । पुस २५ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा २४ वटा टिमको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन